महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७

विदेही नगरपालिका
धनुषा

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या : २०७६।७७

मिति : २०७७।३।२६

च.नं. २९६

श्री नगर प्रमुखज्यू,
बिदेही नगर कार्यपालिकाको कार्यालय, धनुषा ।

विषयः लेखापरीक्षण प्रतिवेदन

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हु व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्ये गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी ग सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ व आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्ष मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिक महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतव आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धत प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरि व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं से.. प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.१ र प्रदेश २ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः
च.नं २९६

मितिः २०७७।३।२६

श्री नगरप्रमूखज्यू,
विदेह नगरपालिका
धनुषा ।

विषयः लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले विदेह नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु. ७ करोड ९७ लाख ३२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१८ लाख १२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ३० लाख ६२ हजार नियमित गर्नुपर्ने रु.४ करोड ६१ लाख ८५ हजार पेश्की बाँकी रु.१ करोड ८६ लाख ७३ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।१२।०९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहित प्रमाण कागजात पेश हुन नआएकोले वेरुजु फछ्यौट नभई कायम भएका व्यहोराको अन्तिम प्रतिवेदन पाना २६ यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(विन्द विष्ट)
नायव महालेखापरीक्षक

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.npWebsite : www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

विदेह नगरपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७५।७६

परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न विदेह नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यस नगरँपालीकाको कुल क्षेत्रफल ४५.५१ व.की.मी.क्षेत्रफल, ९ वडा, ५० जना नगरसभा सदस्य रहेका छन् । प्रदेश नं. २ मा अवस्थित यस नगरपालिकाको जनसंख्या ३२२६६ रहेको छ ।

स्थानीय संचितकोष: आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

सि.न.	आय तर्फ		सि.न.	व्यय तर्फ	
	विवरण	**जम्मा रकम**		**विवरण**	**जम्मा रकम**
१	गत बर्षको जिमेबारी	१०१९९४३७७.५६	१	आन्तरिक चालु खर्च	१००८८१०७.००
२	गत आ.व.को बाँकी धरौटी रकम	२६००००.००	२	आन्तरिक पुजीगत खर्च	३७१०७९०६.००
३	**आन्तरिक आय**				
क	आन्तरिक आम्दानी	१५२०८१५.३१			
ख	गत बर्षको पे.फ बाट प्राप्त	१२५५६००.००			
४	**संधिय सरकारबाट**		३	**संघिय सरकारबाट**	
क	वित्तय समानिकरण	१०४९०००००.००	क	वित्तय समानिकरण	१०४९०००००.००
ख	सर्शत	१३१३८९०००.००	ख	सर्शत	८७९२६६०६.००
ग	राजश्व बाडफट	५२२२९१३१.०५	ग	राजश्व बाडफट	४२८८९५०१.००
घ	सामाजिक सुरक्षा	४८२७४०००.००	घ	सामाजिक सुरक्षा	४८२७४०००.००
ङ	पोषण	७८३१०१.००	ङ	पोषण कार्यक्रम	७८३१०१.००
च	स्थानिय विकास पुर्वधार साझेदारी कार्यकम	९३८८९१.००	च	स्थानिय विकास पुर्वधार साझेदारी कार्यकम	९३८८९१.००
छ	स्थानिय स्तरका सडक पुल	१६४६२२३.००	छ	स्थानिय स्तरका सडक पुल	१६४६२२३.००
ज	प्रधान मन्त्री रोजगार कार्यकम	४७४३८३.००	ज	प्रधान मन्त्री रोजगार कार्यकम	४७४३८३.००
झ	स्थानिय तह क्षमता विकास कार्यकम	३०५०००.००	झ	स्थानिय तह क्षमता विकास कार्यकम	३०५०००.००
ञ	तराइ मधेश स्मृधी कार्यकम	३००००००.००	ञ	तराइ मधेश स्मृधी कार्यकम	३००००००.००
५	**प्रदेश सरकारबाट**		४	**प्रदेश सरकारबाट**	
क	समानिकरण	२७१००००.००	क	समानिकरण	०.००
ख	सर्शत	१००००००००.००	ख	सर्शत	५८२५१२८.००
ग	अन्तर सरकारी वित्तय हस्तान्तरण	२००००००.००	ग	अन्तर सरकारी वित्तय हस्तान्तरण	३४९१६८.००
घ	राजश्व बाडफट	२१५८०००.००	घ	राजश्व बाडफट	०.००
६	सडक बोंडबाट	७५००००.००	५	सडक बोंडबाट	०.००
७	किशोरी शिक्षा	१००००००.००	६	किशोरी शिक्षा	६८०३९०.००
८	संचित विदा	१५०६५९३.००	७	संचित विदा	१५०६५९३.००
९	औषधी उपचार खर्च	१८६५०४४.००	८	औषधी उपचार खर्च	१८६५०४४.००
१०	राजश्व	८०२८१३२.००	९	धरौटी फिर्ता	४८८३९२.००
११	धरौटी आम्दानी	२४१६५१३.००	१०	राजश्व	८०२८१३२.००
				जम्मा खर्च	३५७०७६५६५.००
				बाकी बैंक मौन्दात	१२४३२८२३८.९२
	कुल जम्मा	४८१४०४८०३.९२		**कुल जम्मा**	४८१४०४८०३.९२

<table>
<tr><th>सि.न</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>वेरुजु रकम</th></tr>
<tr><td>१.</td><td>परिषद र खर्च कार्यविधि : स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा नगर सभावाट बजेट कार्यक्रम र योजना र आय अनुमान स्वीकृत गरी प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यावस्था छ । यो पालिकाले २०७५।३।२० गते नगर सभावाट वार्षिक वजेट कार्यक्रम र योजना स्वीकृत गरी मिति २०७५।३।२५ मा प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी दिएको छ ।</td><td></td></tr>
<tr><td>२.</td><td>लेखा ढाँचाको प्रयोग नभएको: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६ (२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएवमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ । एकिकृत आर्थिक संकेत तथा वर्गिकरण, २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) बमोजिमका फारामहरु मिति २०७५।८।१० मा संघ तथा प्रदेश र स्थानीय तह गरि दुई समुहका फारामहरु आर्थिक वर्ष २०७५।०७६ देखि लागू गर्न महालेखापरीक्षकबाट स्वीकृत भएको छ । उपर्युक्त अनुसारको वित्तिय प्रतिवेदनमा प्राप्ती भुक्तानी हिसाव, सरकारी आम्दानी र खर्च कारोवारको वजेट तुलनात्मक प्रतिवेदनलाई पुष्टी गर्ने गरी विभिन्न लेखा टिप्पणीहरु जस्तै संचितकोषको अवस्था, आन्तरिक राजश्व, संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान, ऋण प्राप्ती तथा साँवा व्याज भुक्तानी , वितरण गर्न बाँकी राजश्वको विवरण, धरौटी तथा कोषहरु, संघीय सरकार, प्रदेश सरकार वा अन्य व्यक्ति, संस्थाका कार्यक्रम खर्च, सोभै भुक्तानी र वस्तुगत सहायता, संचित कोषबाट भएका खर्च भुक्तानी, पेश्की बाँकी, वैंक तथा नगद बाँकी र अन्य सम्पतिहरु जस्ता लेखा टिप्पणीहरुको व्यवस्था गरेको छ । यो वर्ष नगरपालिकाले उपर्युक्त ढाँचा अनुसारको टिप्पणी सहितको वित्तीय प्रतिवेदन तयार गरेको छैन । स्वीकृत ढाँचामा लेखा राख्ने र प्रतिवेदन गर्ने व्यवस्था कार्यान्वयन हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३.</td><td>विद्युतीय लेखा : अर्थ मन्त्रालयको च.नं.२९३ मिति २०७४।९।२ को प्रदेश तथा स्थानीय तह सञ्चित कोषको व्यवस्थापन प्रणाली कार्यान्वयन सम्बन्धी पत्रानुसार बजेट तर्जुमा, कार्यान्वयन,आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण निर्देशिका,२०७४ को वूंदा नं.५.१० मा सबै स्थानीय तहहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । यो वर्ष नगरपालिकाले SUTRA प्रयोगमा ल्याएको छैन । तोकिएको प्रणाली मार्फत लेखा नराख्दा आर्थिक वर्ष समाप्त भएपश्चात चेक साट्ने अवधिसम्म पुरानै मिति कायम गरी खर्च हुन सक्ने सम्भावन कायम रहन्छ । अतः SUTRA प्रणाली प्रयोग गरी व्यवस्थित रुपमा लेखा राख्ने र आन्तरीक नियन्त्रणलाई प्रभावकारी बनाउने व्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४.</td><td>बजेट विनियोजन एवं आयोजना सञ्चालन : आ.व. ०७५।७६ मा अनुमानित कूल बजेट रु.४२ करोड २३ लाख ८६ हजारको बजेट पारीत गरेकोमा पुँजिगत खर्चलाई पूर्वाधार, सामाजिक विकास, आर्थिक विकास, लगायतका क्षेत्रगत क्रियाकलापमा वर्गिकरण गरेको देखिदैन । वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नगरको प्राथमिकतालाई ध्यानमा राखि दीगो एवं आधारसिला निर्माण गर्ने तथा स्रोत साधनको दीर्घकालीन एवं प्रतिफलयुक्त हुने योजना निर्माण स्वीकृती र सोमा खर्च गर्नेतर्फ ध्यान दिनु जरुरी छ ।</td><td></td></tr>
<tr><td>५.</td><td>चौमासिक खर्च: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार पुँजिगत खर्च विवरण निम्नानुसार रहेको छ ।</td><td></td></tr>
<tr><td>५.१.</td><td>
<table>
<tr><th rowspan="2">खर्च शिर्षक</th><th rowspan="2">कुल खर्च (रु हजारमा)</th><th colspan="3">चौमासिक खर्च (रु हजारमा)</th><th rowspan="2">असार (रु हजारमा)</th></tr>
<tr><th>प्रथम</th><th>दोश्रो</th><th>तेश्रो</th></tr>
<tr><td>वित्तिय समानिकरण</td><td>११८०२८</td><td>०</td><td>१०१२३</td><td>१०७९०४</td><td>५४१०९</td></tr>
<tr><td>नगरपालिका आन्तरिक आय</td><td>१५५६६</td><td>०</td><td>७५९९</td><td>७९६७</td><td>२६५८</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>५८२५</td><td>०</td><td>०</td><td>५८२५</td><td>५८२५</td></tr>
<tr><td>३६५८३१४</td><td>१६४६</td><td>०</td><td>०</td><td>१६४६</td><td>१६४६</td></tr>
<tr><td>तराई मधेश समृद्धि कार्यक्रम</td><td>३०००</td><td>०</td><td>०</td><td>३०००</td><td>३०००</td></tr>
<tr><td>स्थानिय पूर्वाधार विकास कार्यक्रम</td><td>९३९</td><td>०</td><td>०</td><td>९३९</td><td>९३९</td></tr>
<tr><td></td><td>१४५००४</td><td>०</td><td>१७७२२</td><td>१२७२८१</td><td>६८१७७</td></tr>
</table>
कुल खर्च १४ करोड ५० लाख ४ हजार रहेकोमा प्रथम चौमासिकमा कुनै किसिमको खर्च नभएको दोश्रो</td><td></td></tr>
</table>

चौमासिकमा १६ लाख ७२ हजार र तेश्रो चौमासिकमा १२ करोड ७२ लाख ८१ हजार खर्च भई कुल खर्चको तुलनामा क्रमश ०.० प्रतिशत, दोश्रो चौमासिकमा १२.२३ र तेश्रो चौमासिकमा ८७.७७ प्रतिशत खर्च गरेको देखिन्छ। कुल खर्च मध्ये असार महिनामा मात्र ४७ प्रतिशत र तेश्रो चौमासिकको तुलनामा ५३.५६ प्रतिशत खर्च गरेको देखिन्छ। अधिकत्तम योजनाहरुको भुक्तानी असारमा हुँदा अनुगमनमा प्रभावकारीता न्यून रहने सम्भावना हुने भएकोले आर्थिक वर्षको अन्तमा वढी खर्च गर्ने परिपाटिमा सुधार हुनु पर्दछ।

६. **अवण्डा खर्च** : स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकिकरणका आधार तयार गरी, स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अवण्डा नराखी आय व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ। नगरसभाबाट पारित वार्षिक बजेट विवरणको अनुसूची २ वय अनुमानको वित्तिय समानिकरण पुँजिगत खर्चको सि.न २८ मा नगर प्रमुख तथा उपप्रमुखको निर्देशनमा अन्य सार्वजनिक निर्माणमा रु १०००००००।०० बजेट व्यवस्था गरेको देखिन्छ। अवण्डामा बजेट व्यवस्था गरी कार्यालयले कार्यपालिकाको मिति २०७५।११।३ को निर्णयले निम्न अनुसार कार्यमा रु ५००००००।०० बाँडफाँड गरी खर्च गरेको छ। आयोजनागत बजेट व्यवस्था नगरी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ। बजेट बाँडफाँड गरी सञ्चालन भएका योजनाहरुको खर्च नियमित नदेखिएको रु ५००००००.००

सि.न	आयोजनाको नाम	स्थान	रकम
१.	सार्वजनिक ढलान निर्माण	वडा ७	६०००००.००
२.	भगवती मन्दिरको प्राङ्गण र बाटोको ढलान	वडा ७	७०००००.००
३.	वृद्धाश्रम निर्माण	वडा ७	७०००००.००
४.	इर्टहवाको सडकमा ग्राभेल	वडा ९	२०००००.००
५.	राम जानकी मन्दिर निर्माण	वडा ३	३०००००.००
६.	विदेह नगरपालिकाको सम्पुर्ण सडक मर्मत	-	२५०००००.००
	जम्मा		**५००००००.००**

७. **रकमान्तर** : स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाको स्वीकृत बजेटको अधिनमा रही कुनै शिर्षकबाट पूँजिगत शिर्षकमा २५ प्रतिशत नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ। कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी सफ्टवेयर निर्माण कार्यको लागि छुट्याएको ६ लाख इन्टरनेट जडान वडा कार्यालयमा कनेक्टीभिटी ३ लाख ५० हजार सडक बत्ति व्यवस्थापन १ लाख सार्वजनिक जग्गाको खोजी अभिलेखिकरण र संरक्षण १ लाख सरसफाई कार्यक्रम १ लाख, राजश्व सम्बन्धी अध्ययन १ लाख लगायत नगर सभाबाट पारीत कार्यक्रम नगरी उक्त कार्यक्रममा छुट्याइएको रकम निम्न अनुसार कार्यक्रममा ४७.५ देखि ८० प्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको छ। सीमा भन्दा वढी रकमान्तर गरी खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

सि.न	कार्यक्रमको नाम	शुरु बजेट (हजार)	संशोधन पछीको बजेट (हजार)	रकमान्तर प्रतिशत
१.	पंखा र हिटर खरिद	३००	८००	६०
२.	खेलकुद मैदान मर्मत एवं विकास	३००	४४८	४९.३३
३.	आवश्यकता अनुसार खानेपानी हेण्डपाइप जडान	२०००	२९५०	४७.५
४.	खेलकुद संस्था तथा खेलाडीको लागि सामाग्री वितरण	५००	९००	८०
५.	मेयर कप प्रतियोगिता	५००	८००	६०

८. **न्यायीक समिती** : स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका उजुरीको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ। भने अन्य उजुरी सम्वन्धमा अवधि किटान गरेको छैन। कार्यालयले न्यायीक समितिमा के कति उजुरी दर्ता फछ्र्यौट र बाँकी रहे सो को विवरण तयार गरेको छैन। विवरण तयार गरी न्याय सम्पादन प्रक्रियालाई टुङ्गो लगाउनु पर्दछ।

९. **वार्षिक खरिद योजना/गुरु योजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको

	खरिद गर्दा गुरु योजना तयरा गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ । यस नगरपालिकाले यस वर्ष रु. १४५००४५५५।०० को पूँजीतग खर्च/खरिद कार्य गरेको छ । तर नगरपालिकाले आफ्नो खरिद ऐन नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको छ । अतः उक्त नियमावली बमोजिम खरिद योजना/गुरु योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।	
१०.	**आन्तरिक ऋण** : स्थानयि सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम नगरपालिकाले वित्त आयोगको सिफारिसमा सम्बन्धित सभाबाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । नगरपालिकाको कुल आय व्यय मध्ये आन्तरीक आय ०.३१ प्रतिशत रहेकोमा स्थानीय स्रोत साधनको परिचालनको लागि कुनै किसिमको ऋण लिएको देखिदैन । ऐनको व्यवस्था बमोजिम नगरपालिकाको आयवृद्धि र विकासका लागि पुँजि प्राप्तीका स्रोतहरु पहिचान गरी परिचालन गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	
११.	**उपभोक्ता समिति**	
११.१.	**उपभोक्ता समिति गठन** : विदेह नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि,२०७५ को दफा ४ मा उपभोक्ता समिति गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको विषय त्यस्तो भेला हुने मितिले कम्तिमा सात दिन अगावै सार्वजनिक रुपमा जानकारी गराउनु पर्ने, आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने उपभोक्ताहरुको आम भेलाबाट अधिकतम सहभागितामा सम्बन्धित आयोजनास्थलमा नै सात देखि एघार सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्ने, नगर स्तरीय आयोजना सञ्चालनका लागि उपभोक्ता समिति गठन गर्दा कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य वा कार्यालयको प्रतिनिधि तथा वडा स्तरीय आयोजना सञ्चालनका लागि उपभोक्ता समिति गठन गर्दा वडा अध्यक्ष वा वडा सदस्य वा कार्यालयले तोकेको कार्यालयको कर्मचारीको रोहवरमा गर्नुपर्ने , उपभोक्ता समिति गठनको लागि वोलाइएको भेलामा योजनाको संक्षिप्त विवरण र समितिको संरचना सहितको जानकारी कार्यालयको प्रतिनिधिले गराउनु पर्ने व्यवस्था छ । कार्यालयमा रहेको उपभोक्ता समितिहरुको गठन देखि काम सम्पन्न सम्मका कागजातरहेको उपभोक्ता समितिसंग सम्बन्धित फाइल परिक्षण गर्दा यस कार्यालय अन्तरगतका योजनाहरु सञ्चालनको लागि उपभोक्ता समिति गठन गर्नका लागि सार्वजनिक रुपमा जानकारी गराएको, कार्यपालिकाले तथा वडा कार्यालयले प्रतिनिधि तोकेको, तोकिएका प्रतिनिधिहरुले भेलालाई योजनाको जानकारी गराउने गरेको पाइएन । तोकिएको कार्यविधि पुरागरी उपभोक्ता समिति गठन गर्ने तथा योजना सञ्चालन गर्ने गर्नुपर्दछ ।	
११.२.	**उपभोक्ता समिति छनौट** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायको व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौता बाहेक पूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समुह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ ।	
११.३.	स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७४ (१) मा सार्वजनिक खरिद गर्ने सम्बन्धमा गाउँपालिका तथा नगरपालिकाले सार्वजनिक खरिद गर्नुपर्दा संघीय सार्वजनिक खरिद ऐन बमोजिम गर्नुपर्ने, दफा ७(२) मा ऐनको अधिनमा रही गाउँपालिका तथा नगरपालिकाले सार्वजनिक खरिद नियमावली वनाई लागू गर्न सक्ने व्यवस्था छ । हाल स्थानीय तहको सार्वजनिक खरिद ऐन नबनेको अवस्थमा साविकको सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को अधिनमा रही सार्वजनिक खरिद गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(२) बमोजिम सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन गराउने र नियम ९७(३) मा सम्पन्न निर्माण कार्यको संचालन वा मर्मत सम्भार उपभोक्त समिति वा लाभग्राही समुदायले गर्नुपर्ने गरी सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सरकारी कार्यालयको भवन निर्माण कार्य,	

	तथा विद्युतीकरण गर्ने जटिल प्रकृतिका कार्य समेत उपभोक्ता समिति मार्फत कार्य गराएको छ । उपभोक्ता समिति मार्फत काम गराउँदा नियमानुसार सूचना प्रकाशित गर्नुपर्ने गरेको छैन । निर्माण सामाग्री ठूलो मात्रामा लाग्ने, जटिल प्रकृतिको कार्य सम्पन्न भएपछि स्थानिय उपभोक्ता समितिलाई हस्तान्तरण गरी संचालन वा मर्मत सम्भार गर्न असहज हुने प्रकृतिको कार्यमा उपभोक्ता समितिको सहभागिताले निर्माण कार्यलाई प्रभावकारी वनाउन नसक्ने देखिएकोले उपभोक्ता समितिबाट सहज रुपमा हुन सक्ने कार्यमा मात्र समिति मार्फत कार्य संचालन गर्नुपर्दछ ।	
११.४.	**डोर हाजिरः** तोकीएको फारम प्रयोग गर्दा फारममा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्नुपर्दछ । उपभोक्ता समितिले डोर हाजिरमा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्ने गरेको पाइएन । फारममा हाजिर राख्नेको नाम लगायतको विवरण समेत खुलाउने गरेको छैन । फारमको भाग-३ मा रहेको जिन्सी सामान प्रयोगको विवरण लगायत काम गरेको नापीको यथार्थ विवरण भरेको देखिएन । नर्म्स अनुसार जिन्सी सामान खपत र ज्याला खर्च भएको हो होइन एकिन हुनसक्ने अवस्था नदेखिंदा निर्माण कार्य भए नभएको समेत यकिन हुन सक्ने आधार रहेको देखिएन । फारममा उल्लेखित सम्पूर्ण विवरणहरु तयार गरी खर्चको यथार्थता हुने गरी डोर हाजिर फारम तयार हुने व्यवस्था गर्नेतर्फ प्राविधिक तथा उपभोक्ताको ध्यान जानु जरुरी देखिएको छ ।	
११.५.	**निर्माण कार्यको गुणस्तर–** उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा १२ मा निर्माण सामग्रीको गुणस्तर, निर्माण विधि र प्रक्रियाको गुणस्तर सुनिश्चितता गर्ने जिम्मेवारी कार्यालयबाट खटिएका प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुने उल्लेख छ । साथै उपभोक्ता समितिबाट कार्यान्वयन भएको योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त व्यवस्था अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ ।	
११.६.	सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट संचालित हुने निर्माणकार्यमा लोडर,एक्ट्रभेटर रोलर,डोजर ग्रेडर बिटमिन डिस्ट्रब्यूटर,बिटमिन ब्वाईलरजस्ता हेभि मेशिनहरु प्रयोग गरिकाम गाउने नसकिने व्यवस्था गरेको छ। उपभोक्ता समितिसंग उपलब्ध पूजि प्राबिधिक क्षमता र जनशक्तिको बिश्लेषण गरी त्यस्ता समिति मार्फत काम गराउन पर्नेमा कार्यालयले उपभोक्ता समिति मार्फत काम गराउन पर्नेमा कार्यालयले उपभोक्ता समिति मार्फत सडक भवन स्मृति पार्क जस्ता संरचना निर्माणमा हेभि मेशिनहरु प्रयोग गरेको देखियो। साथै उपभोक्ता समितिले जटिल निर्माण कार्य गर्न भौतिक प्राविधिक र अन्य कारणले सक्षम नभएकोले उपभोक्ता समितिबाट हुने कार्य गुणस्तरयुक्त हुने सम्भावना कम रहने देखिन्छ ।	
१२.	**गुणस्तर परिक्षण** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयबाट खरिद गरिएका ल्यापटप लगायत सवारी साधनको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अतः ती सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ ।	
१३.	**सेवा करार** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ (१) मा कार्यालय सुरक्षा, चिठीपत्र ओसारपसार, सरसफाई, टेलिफोन, विद्युत र धाराको संचालन तथा रेखदेख लगायतमा सार्वजनिक निकायको दैनिक कार्य संचालन गर्न अत्यावश्यक पर्ने सेवा करारमा लिनुपर्दा कुनै व्यक्ति, फर्म संस्था वा कम्पनिसंग करार गरी त्यस्तो सेवा लिन सक्ने व्यवस्था छ । त्यस्तै नियम ३ मा ५ लाख रुपैंया सम्म सेवा शुल्क लाग्ने सेवा सार्वजनिक निकायले वार्ता गरी खरिद गर्न सक्ने छ । सो रकम भन्दा बढी सेवा शुल्क लाग्ने सेवाको हकमा जिल्लास्तरका सार्वजनिक निकायले १५ दिनको अवधिको स्थानीय पत्रपत्रिकामा सूचना प्रकाशन गरी सेवा खरिद गर्न सक्ने व्यवस्था उल्लेख छ । पालिकाले विगत वर्षदेखि कर्मचारी सेवा करारमा सूचना प्रकाशन नगरी सोझै करार सेवा खरिद गरी पारिश्रमिक भुक्तानी गरेको पाइयो । नियममा भएको व्यवस्था अनुरुप सेवा करार लिनुपर्नेमा सोझै करारमा सेवा खरिद गरेको पाइएकोले खर्च नियमसम्मत देखिएन ।	
१४.	**नापी किताव –** निर्माण सम्वन्धी कामको विवरण नापि कितावमा अभिलेको रुपमा जनाई राख्नुपर्दछ । प्रयोग गरिने नापि कितावहरु नापी नियन्त्रण खातामा अभिलेख जनाई प्रयोग गर्दा माग फारम भरी निकासा गराई प्रयोग गर्नुपर्नेमा योजनावाट निर्माण कार्यको अभिलेख राख्ने प्रयोजनको लागि नापी कितावको रुपमा प्रयोग नगरी कम्प्यूटरमा राखी लुजसिटको रुपमा प्रयोग गरेको देखियो । उक्त लुज सिटहरु बाइन्डिङ गरी राखेको समेत पाइएन । यसरी लुजसिटमा राख्दा निर्माण कार्यको अभिलेख एकिकृत रुपमा नराखेको कारण परिक्षण	

	तथा मुल्याङ्कन गर्न कठिनाई पर्ने देखिन्छ । साथै लुजसिटमा राखेका विवरणहरु हराउने र च्यातिने सम्भावना बढी हुने हुँदा निर्माण कार्यको अभिलेख नापी किताबको रुपमा राखि सोको नियन्त्रणका लागि नापी किताब नियन्त्रण खाता समेत प्रयोगमा ल्याउनुपर्ने देखिन्छ ।	
१५.	**जिन्सी व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा नियम ४६, ४७ र ४८ बमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारीबाहेक अन्य कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लेखी वा लिई राख्ने व्यवस्था गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विगत वर्ष देखिको जिन्सी निरिक्षण प्रतिवेदन तयार गरी लिएको देखिएन । नियमानुसार जिन्सी निरिक्षण प्रतिवेदन तयार गर्नुपर्दछ ।	
१६.	**जिन्सीको व्यक्तिगत अभिलेख खाता :** सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका,२०७५ को अनुसार सवारी साधन, मेशिनरी उपकरण, फर्निचर लगायत कार्यालयले उपलब्ध गराएको खर्च भएर नजाने जिन्सी सामाग्रीहरु प्रचलित जिन्सी खातामा अभिलेख राख्नुका साथै प्रत्येक निजामति कर्मचारी, पदाधिकारी र पदाधिकारीका निजी सचिवालयमा कार्यरत कर्मचारीहरुको व्यक्तिगत रुपमा अलग अलग खाता/पानामा समेत विवरण टिपोट गरी निकायका प्रमुखबाट प्रमाणित गराएर तोकिए बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित व्यवस्था अनुसार जिन्सीको व्यक्तिगत अभिलेख खाता राखेको छैन । निर्देशिका बमोजिमको अभिलेख तयार नभएकोले कार्यालयको खर्च भएर नजाने जिन्सी सामानको प्रयोग र अवस्था एकिन हुन सकेन । तोकिए वमोजिमको अभिलेख तयार गरी जिन्सी सामानको सदुपयोग गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।	
१७.	**क्षेत्रभित्रको सम्पत्तिको संरक्षणः** स्थानीय सरकार सञ्चालनऐन २०७४ को दफा ९७ मा गाउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, आफ्नो कोषबाट बनेको, खरिद भएको वा नेपाल सरकार, प्रदेश सरकार, कुनै संस्था वा व्यक्तिले दिएको सम्पत्ति, ढल, नाला, पोखरी, धार्मिक स्थल, पाटी, पौवा, घर, कुवा, धारा, इनार, गौचर, पानीघाट, निकास, चोक, गल्ली, सडक, बाटो सडकको दायाँबायाँका रुख, आफ्नो स्वामित्जमा रहेको भवन, जग्गा, पार्क, उद्यान, चौतारो, बसपार्क, वा अन्य संरचना, राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरक्ष, सीमसार क्षेत्र, तथा राष्ट्रिय वन बाहेक आफ्नो क्षेत्राधिकारभित्रको अन्य वन, संविधान र प्रचलित कानून बमोजिम नेपाल सरकार वा प्रदेश सरकारको क्षेत्राधिकार बाहेकको अन्य प्राकृतिक सम्पदा लगायतका सम्पत्तिको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले त्यस्ता सम्पत्तिको अभिलेख नराखेको, रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध समेत गरेको नदेखिएकोले कानूनी व्यवस्था बमोजिम अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
१८.	**सम्भाव्यतता अध्ययन-** आथिंक कार्यविधि नियमावली, २०६४ को नियम २२ (१) मा पन्ध्र लाख रुपैयाभन्दा बढी लागत पनें विकास आयोजनाको बजेट तजुंमा गदां प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आथिंक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी नेपाल सरकारबाट त्यस्तो आयोजना स्वीक.त भएको हुनुपनें व्यवस्था रहेको छ । कायांलयबाट सन्चालित कुनै पनि योजनाको सम्भाव्यता अध्ययन भएको देखिएन । सवेंक्षण र सम्भाव्यता अध्ययनको अभावमा कायंस्थलको वास्तविक अवस्था स्पष्ट नहुने, कायंको परिमाण अनिश्चित हुने, हुन सक्ने हुँदा विस्तृत सम्भाव्यता अध्ययन गरेर मात्र योजना सञ्चालनगर्ने ध्यान दिनुपर्ने देखिन्छ ।	
१९.	**वातावरणीय प्रभाव** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । गाउपालिकाले वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा नगरक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व,नगर र नदी सरसफाई पर्दछन् । नगरपालिकाले ल्याण्डफिल साइटको दीर्घकालीन व्यवस्थापन र पूर्वाधार निमार्ण गरेको छैन भने फोहोर मैलालाई श्रोतमा छुट्याई परिमाण कम गर्ने सम्बन्धी जनचेतना अभिबृद्धि कार्यक्रम संचालन गरेको देखिएन । साझेदारीमा सडक क्षेत्रमा पार्क तथा हरियाली व्यवस्थापन, जनचेतना कार्यक्रम, ट्युबेल शौचालय निमार्ण, बजार अनुगमनको कार्यक्रम संचालन गरेता पनि बढ्दो शहरीकरणलाई मध्यनजर गरी वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरी लागु गर्नुपर्ने देखिन्छ ।	
२०.	**राजस्व परामर्श समितिः** स्थानीय सरकार सञ्चालनऐन २०७४ को दफा ६५ मा राजस्व सम्वन्धी परामर्शको लागि एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था छ । उक्त समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत राजस्व सम्वन्धी कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्वन्धमा आवश्यक	

	परामर्श दिने, राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण गर्ने र अनुमान गर्ने लगायतका कार्यहरु तोकिएको छ । ऐनमा उल्लेख भए अनुसार राजस्व परामर्श समिति गठन भएको छैन । राजश्व परामर्श समिति गठन गरी राजश्वको स्रोत पहिचान र संकलन कार्यहरु प्रभावकारी रुपमा गर्नु पर्दछ ।	
२१.	**स्थानीय तथ्यांक र अभिलेख** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा नगरपालिकाले अभिलेख व्यवस्थापन गर्न ध्यान दिनुपर्ने देखिएको छ ।	
२२.	**आन्तरिक नियन्त्रण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वियनमा ल्याउनुपर्ने व्यवस्था छ । उक्त बिषयमा नगरपालिकाले नियन्त्रण एवं सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ । यस वर्ष वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व र कानुनको पालनाको स्थिती मूल्याङ्कन गर्दा निम्नानुसार रहेको पाइयो : ● निर्माण कार्यको रनिंग तथा अन्तिम बिल भुक्तानी गर्दा नापी किताब, ठेक्का/उपभोक्ता सम्बन्धी बिल, कार्य सम्पन्न प्रतिवेदनमा सम्झौता नम्बर कार्य सम्पन्न हुनुपर्ने मिति,बिलको क्रम संख्या कार्य सम्पन्न मिति उल्लेख गरेको छैन । ● एकिकृत सम्पत्ति कर लागु नगरेको, ● प्रत्येक तहको कार्य विवरण बनाई लागु नगरेको, ● उपभोक्ता समिति र लाभग्राही समुह मार्फत सञ्चालन गरेको योजनाहरुको विवरण तयार नगरेको, ● उपभोक्ता समितिको गठन, सम्झौता र कामको विवरण सहितको अभिलेखांकन नगरेको, ● नगरपालिका अन्तरगत सञ्चालन भएका योजनाहरुको नियमित अनुगमन नगरेको, अनुगमन गरेकोमा प्रतिवेदन तयार नगरेको, ● सार्वजनकि निर्माण कार्य गर्दा गुणस्तर परिक्षण गर्ने नगरेको, ● नगरपालिका क्षेत्रमा संकलन हुने फोहोर मैलाको उचित व्यवस्थानको लागि डम्पिङ्ग साइटको व्यवस्था गरेको देखिएन, ● नगरपालिका अन्तरगतको स्थानिय सडकको अधिकारक्षेत्र निर्धारण नगरेको, ● नगरपालिका स्तरीय यातायात गुरु योजना तयार नगरेको, ● मुल्य अभिवृद्धि कर भुक्तानी गरेकोमा सम्वन्धित आन्तरीक राजश्व कार्यालयलाई सोको जानकारी नगराएको, ● अनुदान वितरणको अभिलेख नराखेको, ● भ्रमण अभिलेख किताब तयार नगरेको, ● राजश्वको लगत तयार नगरेको, वडामा उठ्ने राजश्वको लक्ष्य निर्धारण नगरेको, ● पूँजिगत खर्चमा प्राथमिकता नअपनाएको, स-साना योजनालाई प्राथमिकतामा राखेको, ● कर तथा शुल्कको ठोस आधार निर्माण नगरेको, राजश्व प्राप्तीको दायरालाई प्राथमिकीकरण नगरेको, ● संस्थागत क्षमता विकासमा न्यून प्रगति गरेको, कोषहरुको कार्यविधि कानून नबनाएको, ● प्रथम चौमासिकमा ठेक्का व्यवस्थापन नगरी तेश्रो चौमासिकमा ठेक्का व्यवस्थापन गरेको, ● उपभोक्ताले खरिद गरेको सामान परिमाण र नापी तथा उपयोग नभिडेको, ● चालु प्रकृतिका खर्चलाई पूँजिगत खर्चमा विनियोजन गरेको, ● विभिन्न व्यक्ति तथा फर्मलाई विल अनुसारको रकम भुक्तानी गर्दा विलमा भुक्तानी भएको जनिने छाप नलगाएको,	

- कार्यनीतिगत व्यवस्थामा अपेक्षित प्रगति लिन नसकेको, तलवी प्रतिवेदन पारीतमा पूर्णता कायम नगरेको,
- प्राप्ती तथा भूक्तानीको खर्च सार्वजनिकीकरण नगरेको,
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम प्रमुख प्रशासकिय अधिकृतबाट खर्च गर्ने अख्तियारी प्राप्त नगरी वडा कार्यालयले खर्च गरी भुक्तानीका लागि विल पेश गर्ने गरेको,
- नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गरी सोको योजना तथा कार्यक्रम निर्माणमा प्रयोग गर्नुपर्नेमा सो नगरेको
- वडा कार्यालयले खरिद गरी पेश गरेको विल भरपाई भुक्तानी गर्दा खरिद भएका जिन्सी सामानहरु दाखिला भए नभएको एकिन नगरेको,
- वडामा समेत जिन्सी खाता रहेको जनाएकोमा वडागत जिन्सी अभिलेख प्राप्त नगरेको,
- प्रयोजन र मिति खुल्ने गरी पेश्की खाता तयार भएको छैन,
- कार्यालयको सवारी साधन मर्मत गर्दा प्रयोग गरिने मलेप फारम नं.२ प्रयोग गरेको पाइएन ।
- आन्तरिक नियन्त्रण प्रणालीको निर्देशिका वनाई कार्यान्वयनमा नल्याएको,
- एकीकृत सम्पत्ति विवरण र जिन्सीको एकत्रित लगत तयार र निरीक्षण नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(३) मा लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले कार्य सम्पन्न गर्न लाग्ने समयावधि किटान गर्नु पर्नेमा योजना कार्यान्वयन गर्न लाग्ने समयको अनुमान गरेको छैन,
- कार्यालयले आर्थिक वर्ष शुरु भएको ३० दिनभित्र उपभोक्ता समितिबाट संचालन हुने आयोजना, परियोजना र कार्यक्रमहरु पहिचान एवं छनौट गरी कार्यान्वयन योजना बनाउनु पर्नेमा सो गरेको छैन ,
- उपभोक्ता समिति गठन पश्चात आयोजनाको ड्रईङ्ग, डिजाईन र लागत अनुमान (नेपाली भाषमा तयार गरिएको) स्वीकृत गरी उपभोक्ता समितिलाई उपलव्ध गराउनु पर्नेमा सो नगरेको ,
- उपभोक्ता समितिसंग आयोजना सम्झौता गर्दा आयोजना कार्यान्वयनको कार्य तालिका नबनाएको
- उपभोक्ता समितिमार्फत भएको काममा डोर हाजिरि पेश गरेकोमा हाजिरि फारम प्रमाणित गरेको छैन,
- जिन्सी सामान खरिद गरेकोमा जिन्सी दाखिला, माग फारम, खरिद आदेश कार्यालय प्रमुखबाट प्रमाणित भएको छैन ।

नियमको अनुसरण गरी कार्य नगरेका कारण वित्तीय उत्तरदायित्व एवम जवाफदेहिता र कानूनको पालनामा कमी आएको हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने र कानूनको पालना गराउने तर्फ ध्यान दिनुपर्दछ ।

राजस्व बाँडफाड

२३. **पदाधिकारी सुविधा** : स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा पदाधिकारी र सदस्यले आफू निर्वाचित वा मनोनित भएको मिति देखि अनुसूची १ बमोजिमको रकममा नबढ्ने गरी स्थानीय तहको आन्तरिक श्रोत समेतको आधारमा सम्बन्धित सभाले पारित गरे बमोजिमको सुविधा तथा भत्ता पाउनेछन् भन्ने व्यवस्था छ । यस नगरपालिकाको नगर सभाले सुविधा तथा भत्ता पारित नगरेको अवस्थामा २०७४।६।७ देखि २०७५।३।३१ सम्मको रु ६३८३७०२।०० र यस वर्ष रु ७८८४०००।०० पदाधिकारी सुविधा भुक्तानी गरेको छ । आन्तरिक श्रोत समेतको आधारमा नगर सभाले पारित गरेपछि मात्र सुविधा प्रदान गर्नु पर्दछ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् :

२३.१. स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन ०७५ वमोजिम देहायको सुविधा दिएको पाइयो । नगर प्रमुख र उपम्रमुखको ४ पाङग्रे सवारी सुविधाको मापदण्ड र इन्धनको मापदण्डको उल्लेख नगरी खर्च गरको देखियो । निजी प्रयोग सामान ल्यापटप, मोवाइल, एसि, फ्रिज, कम्प्यूटर, सिरक, डसना, तकिया, ग्याँस सिलिण्डर, कुर्सि, कपडा स्टैण्ड लगायतका कार्यालय प्रयोजन वाहेकका सामान समेत सुविधाको रुपमा दिनुपर्ने कानुनमा देखिदैन । खर्च मापदण्ड निर्देशिका तयार गरी सुविधालाई व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

सि. नं	विषय	नगर प्रमुख	उपप्रमुख	वडाध्यक्ष	का.पा.सदस्य	सभा सदस्य
१.	सुविधा वार्षिक ०७४।६।५ देखि	७९८१३६.००	७१०६६६.००	४३२९५९४.००	२८८६३९६.००	५०५११७८.००
२.	सवारी साधन	४ पाङग्रे सवारी	४ पाङग्रे सवारी	९ वटा	६ वटा	३३ वटा साइकल

		साधन चालक सहित सुविधा	साधन चालक सहित सुविधा	मोटरसाइकल	मोटरसाइकल	
३.	इन्धन (सबैको)	३३०००००.००	०	०	०	०
४.	दैनिक भत्ता (सबैको)	२३८४३५०.००	०	०	०	०
५.	मोवाइल	५ थान	२ थान	९ थान	०	०
६.	ल्यापटप	२ थान	१ थान	०	०	०
७.	क्यामरा	१ थान	१ थान	९ थान	०	०
८.	ए.सि (कार्यालय वाहेक)	१ थान रु ६२४००.००	१ थान रु ६२४००.००	०	०	०
९.	रेफ्रिजेरेटर (कार्यालय वाहेक)	०	१ थान रु ४९०००.००	०	०	०

२३.२. **पारिश्रमिक कर** : आयकर ऐन, २०५८ मा प्राकृतिक व्यक्तिले सो आयवर्षको रोजगारीवाट प्राप्त पारश्रमिक गणना गर्दा तलव, भत्ता लगायतका रोजगारीका सम्वन्धमा गरिएको सवै प्रकारका भुक्तानी समावेश गरिने र कुल कर योग्य आयवाट छुट तथा कट्टा गर्न पाउने रकम कट्टी गरी वाकी कर योग्य आयमा समावेश गरी कुल आयको ४ लाख सम्म सामाजिक सुरक्षा वापत १ प्रतिशत, ५ लाखसम्म १० प्रतिशत र २० लाख सम्म २० प्रतिशतको दरले दफा ८७ बमोजिम पारिश्रमिक कर कट्टा गर्नुपर्ने व्यवस्था छ । निर्वाचित जनप्रतिनिधिलाई यो वर्ष र गत वर्षको (२०७४।६।५ देखि) समेत एकमुष्ट देहायको पारिश्रमिक भुक्तानी गर्दा सामाजिक सुरक्षा कर समेत कट्टि नगरेकोले छुट सामाजिक सुरक्षा कर रु ६८०००।०० र पारिश्रमिक कर रु २४३३६५।०० समेत रु ३११३६५।०० असुल गरी राजश्व दाखिला गर्नुपर्ने देखिएको रु. ३११३६५.००

सि.नं	पद	पदाधिकारीको नाम	वार्षिक भुक्तानी	वार्षिक छुट	कर योग्य आय	सा.सु कर	पारिश्रमिक कर	जम्मा कर
१.	नगर प्रमुख	वेचन दास	७९८१३६.००	४०००००	३९८१३६.००	४०००.००	६९६२७.००	७३६२७.००
२.	नगर उपप्रमुख	निलम देवी मंडल	७१०६६६.००	४०००००	३१९६६६.००	४०००.००	५२१३३.००	५६१३३.००
३.	वडाध्यक्ष	रामवृक्ष ठाकुर	४८१०६६.००	४०००००	८१०६६.००	४०००.००	८१०७.००	१२१०७.००
४.	वडाध्यक्ष	श्रवण कुमार कुशियैत	४८१०६६.००	४०००००	८१०६६.००	४०००.००	८१०७.००	१२१०७.००
५.	वडाध्यक्ष	विल्टु राय	४८१०६६.००	४०००००	८१०६६.००	४०००.००	८१०७.००	१२१०७.००
६.	वडाध्यक्ष	विनोद गोहितमान	४८१०६६.००	४०००००	८१०६६.००	४०००.००	८१०७.००	१२१०७.००
७.	वडाध्यक्ष	विजय कुमार यादव	४८१०६६.००	४०००००	८१०६६.००	४०००.००	८१०७.००	१२१०७.००
८.	वडाध्यक्ष	जयराम मण्डल	४८१०६६.००	४०००००	८१०६६.००	४०००.००	८१०७.००	१२१०७.००
९.	वडाध्यक्ष	श्याम कुमार यादव	४८१०६६.००	४०००००	८१०६६.००	४०००.००	८१०७.००	१२१०७.००
१०	वडाध्यक्ष	राज किशोर मण्डल	४८१०६६.००	४०००००	८१०६६.००	४०००.००	८१०७.००	१२१०७.००
११	वडाध्यक्ष	जुमराती नदाफ	४८१०६६.००	४०००००	८१०६६.००	४०००.००	८१०७.००	१२१०७.००
१२	का.पा.सदस्य	पुनम पंडित	४८१०६६.००	४०००००	८१०६६.००	४०००.००	८१०७.००	१२१०७.००
१३	का.पा.सदस्य	उर्मिला देवी पंडित	४८१०६६.००	४०००००	८१०६६.००	४०००.००	८१०७.००	१२१०७.००
१४	का.पा.सदस्य	वैद्यनाथ भगत	४८१०६६.००	४०००००	८१०६६.००	४०००.००	८१०७.००	१२१०७.००
१५	का.पा.सदस्य	विरेन्द्र कुमार जरही	४८१०६६.००	४०००००	८१०६६.००	४०००.००	८१०७.००	१२१०७.००
१६	का.पा.सदस्य	सावित्री देवी राय	४८१०६६.००	४०००००	८१०६६.००	४०००.००	८१०७.००	१२१०७.००
१७	का.पा.सदस्य	गुजरी देवी राय	४८१०६६.००	४०००००	८१०६६.००	४०००.००	८१०७.००	१२१०७.००
					जम्मा	६८०००.००	२४३३६५.००	३११३६५.००

२३.३. **सामाजिक सुरक्षा कर** : आयकर ऐन, २०५८ को अनुसूची १ मा रोजगारीबाट प्राप्त आयमा लाग्ने करको दर सम्बन्धी व्यवस्था उल्लेख छ । कार्यालयले नगर सभाका सदस्यहरुलाई मिति २०७४।६।५ देखि एकमुष्ठ २०७६ अषाढ मसान्त सम्म प्रति सदस्य रु १५३०६६।०० पदाधिकारी सुविधा भुक्तानी गर्दा रु १५३१।०० कर कट्टी गर्नुपर्ने १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टी गरेको नदेखिएकाले ३३ सभा सदस्यको रु ५०५२३।०० सामाजिक सुरक्षा कर सम्वन्धितबाट असुल गर्नुपर्ने देखिएको रु. ५०५२३.००

२३.४. **भ्रमण खर्च** : भ्रमण खर्च नियमावली, २०६४ को नियम ४ बमोजिम सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भाव भएसम्म किफायती र कम खर्चिलोबाटो वा सवारी साधन प्रयोग गरी भ्रमण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार उल्लेखित व्यवस्थाको पालना नगरी हवाई सुविधा भएको स्थानमा भ्रमण गर्दा हवाइजहाजबाट किफायतीहुनेमा सवारी भाडामा लिई भ्रमण खर्चको तुलनामा अधिक भाडा खर्च भुक्तानी

भएको देखिन्छ । नियमको पालना गरी खर्चलाई मितव्ययी बनाउनु पर्दछ । यस किसिमका खर्चको केही उदाहरणहरु निम्नानुसार रहेका छन् :

भौ.न र मिति	भ्रमण गर्ने पदाधिकारी	भ्रमणको उद्देश्य/स्थान	भ्रमण अवधि	भ्रमण खर्च	भ्रमण खर्च मध्ये गाडी भाडा
११/०७५/६/२२	नगर प्रमुख वेचन दास	नगरपालिका संघको महाधिवेशनमा भाग लिन काठमाण्डौ	०७५/५/११-५/१७	५२०००.००	४२०००.००
२७/०७५/८/१०	नगर प्रमुख वेचन दास	नगरपालिकाको काम	०७५/४/२१-४/३०	७३२००.००	६००००.००
२७/०७५/८/१०	नगर प्रमुख वेचन दास	नगरपालिकाको काम	०७५/५/३१-६/७	५९६००.००	४८०००.००
२४८/०७६/३/३१	नगर प्रमुख वेचन दास	नखुलेको	०७६/३/२-३/८	५२०००.००	४२०००.००
६१/०७५/१०/३	नगर उपप्रमुख निलम देवी	परिवार संघको कार्यक्रममा सहभागि हुन काठमाण्डौ	०७५/८/१५-८/२१	३४०००.००	२४०००.००
१०९/०७५/१२/५	नगर उपप्रमुख निलम देवी	मन्त्रालय काठमाण्डौ	०७५/११/१२-११/१९	३४०००.००	२४०००.००
८/०७५/६/२२	नगर उपप्रमुख निलम देवी	नगरपालिका संघको महाधिवेशनमा भाग लिन काठमाण्डौ	०७५/५/११-५/१७	४१५००.००	३१५००.००
१४१/०७५/१२/२९	नगर उपप्रमुख निलम देवी	नखुलाएको/काठमाण्डौ	०७५/१२/१०-१२/१८	३७५००.००	२७०००.००
१७९/०७६/२/१०	नगर उपप्रमुख निलम देवी	गोष्ठि/महोत्तरी	०७६/१/२४-१/२६	१२६००.००	९०००.००
२३०/०७६/३/३१	नगर उपप्रमुख निलम देवी	सरसफाई कार्यक्रममा भाग लिन, काठमाण्डौ पोखरा र लुम्विनी	०७६/२/२२-२/२९	५१६००.००	४००००.००
११२/०७५/१२/६	वडा अध्यक्ष विनोद गोहितमान	परिवार संघको कार्यक्रममा सहभागि हुन काठमाण्डौ	०७५/११/१५-११/२१	३४०००.००	२४०००.००
		जम्मा		४८२०००.००	३७१५००.००

२४. **सवारी साधन भाडा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ बमोजिम अन्य सेवाको लागत अनुमान नियम ९ को अधिनमा रहि मोटामोटी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमितहुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१घ) मा पटक पटक सिमाभन्दा वढी रकमको एउटै व्यक्ति फर्म कम्पनी वा संस्थावाट एक पटक भन्दा बढी सोभ्कै खरिद गर्न नपाउने, २० लाख रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा शिलवन्दी दरभाउपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने व्यावस्था छ । कार्यालयले उल्लेखित नियमको पालना नगरी आवश्यकता पहिचान तथा प्रयोजन समेत नखुलाई रु १९२९६९०।०० गाडी भाडा खर्च लेखेको नियमित नदेखिएको रु १९२९६९०.००

भौ.न र मिति	सवारी धनी	रकम (इन्धन बाहेक)	समय अवधि
६२/०७५/१०/३	बा ११ च ५५९७	८४००.००	२०७५ भाद्र
७०/०७५/१०/२०	मिना खड्की	३४८०००.००	२०७५/७/४-०७५/९/२९
७९/०७५/११/१	शिवशंकर यादव	१२००००.००	२०७५/९/१-०७५/११/३०
८०/०७५/११/५	राम सागर साफि	६६००.००	२ दिनको भाडा
१८४/०७६/२/१४	राम सागर साफि	१००००.००	३ दिनको भाडा
१०४/०७५/११/२८	शिवशंकर यादव	९६०००.००	२०७५/९/१-९/२५
१४८/०७५/१/८	मिना खड्की	३६००००.००	०७६/१/१-०७६/३/३१
७६/०७५/१०/२४	मिना खड्की	३६००००.००	०७५/१०/१-१२/३०
२५०/०७६/३/३१	गिरिधारी यादव	२४००००.००	२०७६/२/१-०७६/३/३१
१८५/०७६/२/१६	गिरिधारी यादव	३८०६९०.००	२०७५/१०/२५-०७६/१/३०
	जम्मा	**१९२९६९०.००**	

२५. **विविध खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विविध खर्च अन्तरगत यस वर्ष नगरपालिकाका लागि रु २५ लाख बजेट विनियोजन गरी रु २३८४३५०।०० खर्च गरेको छ । विविध खर्च शिर्षकमा खर्च गरेकोमा खर्चको विल पेश भएको भएतापनि खर्च गर्नुपर्ने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । प्रयोजन नखुलेको तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम सार्वजनिक निकायले खरिद कार्य गर्दा मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त फर्म, कम्पनीबाट खरिद गर्नुपर्ने व्यवस्था विपरित खरिद गरी भुक्तानी भएको देखिन्छ । विविध खर्चको स्पष्ट उद्देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी खर्च भुक्तानी दिने परिपाटीमा नियन्त्रण हुनु पर्दछ ।

२६.	**इन्धन खर्चको मापदण्ड :** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको किसिम इन्धन मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने,सरकारी सवारी साधन अनधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष रु. ३००००००।०० इन्धन खर्च गरेकोमा इन्धन खर्चको मापदण्ड तयार गरेको तथा सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी तथा उत्पादनमुखी बनाउन इन्धन खर्च मापदण्ड निर्धारण गर्ने तथा इन्धन प्रयोगको व्यवस्थित अभिलेख राख्ने गर्नु पर्दछ ।	
२७.	**वडा कार्यालयबाट भएको खर्च :** नगरपालिकाले प्रत्येक वडा कार्यालयलाई वार्षिक रु ५०००००।०० को दरले ९ वटा वडा कार्यालयका लागि वडा सञ्चालन खर्च रु ४५०००००।०० बजेट विनियोजन भएकोमा रु ४४४३१६०।०० भुक्तानी दिएको छ । वडा कार्यालयसँग सम्बन्धित खर्चहरु.नगर कार्यपालिकाबाट भुक्तानी भईरहेको अवस्थामा वडा कार्यालयबाट जिन्सी सामान खरिद, वैठक चियापान, कार्यालय व्यवस्थापन, संचार, घरभाडा, सरसफाइ लगायतका कार्यमा खर्च भएका छन् । यसरी वडागत रुपमा खर्च गर्दा जिन्सी विवरण अद्यावधिक नभएको, वडा कार्यालयको खर्चमा एकरुपता नदेखिएको तथा नगरपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने जोखिम समेत देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ ।	
२८.	**मर्मत :** यस कार्यालयमा रहेका मेशिनरी औजार तथा सवारी साधनहरु मर्मतका लागि जाँचबुझ तथा सिफारिश गर्न समिति गठन भएको छ । यस वर्ष सवारी साधन मर्मत खर्च रु ७२०१०२।०० खर्च भएको छ । यस खर्चको सम्वन्धमा मर्मत गरीएका सम्पत्तीको विवरण सोको उपयोग मर्मत अवधि र समय अन्तर उपयोगकर्ता सहितको अभिलेख राखेको छैन । सरकारी सम्पत्तिको उच्चतम सदुपयोगको लागि आन्तरिक नियन्त्रण व्यवस्था सहितको अभिलेखंकन गरी अनावश्यक मर्मत कार्यमा नियन्त्रण गर्नु पर्दछ ।	
२९.	**समानिकरण अनुदानबाट शिक्षकको पोसाक भत्ता :** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरवन्दी भित्रका शिक्षकको तलब भत्ता वापत शसर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । स्वीकृत दरवन्दी भित्र नपरेको एवं गत विगत देखिनै आन्तरिक श्रोतबाट तलब भत्ता व्यहोरेका वालविकास केन्द्रका शिक्षक तथा शिक्षिकाहरुलाई रु ११५०००।०० पोसाक भत्ता वितरण गरेको देखिन्छ । वित्तिय समानिकरण अनुदानमा प्राप्त बजेट निर्दिष्ट कार्यमा खर्च गर्नुपर्दछ ।	
	वित्तिय समानिकरण पुँजिगत	
३०.	**मुल्य अभिवृद्धि कर छुट सामानमा मुल्य अभिवृद्धि कर भुक्तानी :** मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ को उपदफा (३) मा कर छुटको वस्तु वा सेवाहरु उल्लेख भएको छ। उक्त उपदफामा सोलार प्यानलमा मुल्य अभिवृद्धि कर लाग्ने देखिदैन । कार्यालयले सोलार जडान कार्य गरी रु २४७३५७०।०० भुक्तानी गरेकोमा निम्नानुसार सोलार प्यानलमा रु ४३६८०।०० मुल्य अभिवृद्धि कर समेत भुक्तानी भएकोले मुल्य अभिवृद्धि कर वापतको रकम असुल गरी दाखिला गर्नुपर्ने रु....	४३६८०.००

भौ.न र मिति	फर्मको नाम	भुक्तानी रकम	सोलार प्यानलमा खर्च रकम	भुक्तानी भएको मुल्य अभिवृद्धि कर
१०२/०७६/२/२९	जे.वि इन्टरप्राइजेज	१९७८६३०.००	२७२०००.००	३५३६०.००
१२२/०७६/३/३० सशर्त तर्फ	जे.वि ट्रेडर्स	४९४९४०.००	६४०००.००	८३२०.००
	जम्मा	२४७३५७०.००	३३६०००.००	४३६८०.००

३१.	**मुल्य अभिवृद्धि कर :** गो.भौ.न ३१२।०७६।३।२० मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि बाहेक प्रापकलाई अनुसुची ५ बमोजिमको ढाँचामा कर विजक जारी गर्नु पर्ने व्यवस्था छ । यस कार्यालयसंग निम्नानुसारका कार्यक्रम सञ्चालनकालागि भएको सम्झौता नुसारको रकम माग गर्दा देहायबमोजिमका फर्महरुले कैफियत सहितको भ्याट विल जारी गरेको अवस्थामा समेत मुल्य अभिवृद्धि कर रु २७४८४४।०० सहित रु २३८९०३८।८८ भुक्तानी गरेको छ । कैफियत सहितको विलमा मुल्य अभिवृद्धि कर भुक्तानी भएकोले कारोवार अंक समेत खुल्ने गरी मुल्य अभिवृद्धि कर सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाई कर समायोजनको प्रमाण पेश गर्नुपर्ने देखिएको रु	२७४८४४.००

भौ.न र मिति	फर्मको नाम	कामको विवरण	भुक्तानी रकम	मुल्य अभिवृद्धि रकम	कैफियत
१२१/०७६/३/२०	राम वावा निर्माण सेवा	शौचालय निर्माण	१९००८७०.८८	२१८६८४.००	विजक नम्बर उल्लेख नभएको
२/०७५/९/१७	राम वावा निर्माण सेवा	कार्यालयमा पार्किंग सेड निर्माण	४८८१६८.००	५६१६०.००	विजक नम्बर उल्लेख नभएको
		जम्मा	२३८९०३८.८८	२७४८४४.००	

३२. **सोझै खरिद** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा यस ऐन र ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१घ) वमोजिम एक आर्थिक वर्षमा एकैपटक वा पटक पटक गरी ५ लाख भन्दा वढी रकमको वा एउटै अपूर्तकवाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नसकिने व्यवस्था विपरित खरिद कार्य गर्दा लागत अनुमान वेगर टुक्रा टुक्रा पारी लागत अनुमानकै हाराहारीमा निर्माण कार्य गरेको तथा लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको विवरण निम्नानुसार रहेको छ । सार्वजनिक निकायद्धारा भएको खरिदसम्वन्धी कार्यविधि र प्रक्रिया खुला , पारदर्शी, बस्तुनिष्ठ र विश्वसनीय बनाउन तथा खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र विश्वसनीयता प्रवर्द्धन गर्न खरिद योजना निर्माण गर्ने, खरिद माग प्राप्त गर्ने, खरिद गर्ने सामानको लागत अनुमान तयार गर्ने जस्ता प्रक्रियाहरु पुरागरी खरिद कार्य गर्नु पर्दछ । अतः उल्लेखित व्यवस्थाको पालना नगरी खर्च गरेको रु ३५७५५४८८.२ नियमति नदेखिएको रु ३५७५५४८८.२

भौ.नं. र मिति	फर्मको नाम	कामको विवरण	खर्च रकम
२/०७५/९/१७	श्री रामबाबा निर्माण सेवा	कार्यालय पार्किङ्ग सेड, खानेपानी, अन्य निर्माण	४८८१६८.६०
३/०७५/०९/१७	श्री दिपक निर्माण सेवा	कार्यालयमा पार्टिशन कार्य	४८८६७६.४४
४/०७५/०९/१८	जय हनुमान बाबा निर्माण सेवा	कार्यालय भेट निर्माण र पार्सल घर निर्माण	४९१२६६.९४
७/०९७५/१०/०९	सप्तऋषि बाबा निर्माण सेवा	कार्यालय भवन निर्माण	४८९७७६.९९
८/०७५/१०/०९	एकता निर्माण सेवा	कार्यालय भवन भित्र विद्युतिकरण तथा सिसि क्यामरा जडान	४८७०८७.२९
४७/०७६/०१/१५	मा जानकी कम्प्युटर एण्ड इलेक्ट्रोनिक्स सेन्टर	कम्प्युटर	९८९८०.००
१०/०७५/११/०५	न्यु मिथिला सप्लायर्स	मेशिनरी, औजार, ल्यापटप, प्रिन्टर	४४७४८०.००
११/०७५/११/०५	ऋिद्धि सिद्धि ट्रेडर्स	मेशिनरी, औजार, ल्यापटप, प्रिन्टर	४९८३३०.००
१२/०७५/११/०५	विक्की सप्लायर्स	प्रिन्टर	१७३७८३.००
१३/०७५/११/०८	गौरी एण्ड उज्जवल कन्स्ट्रक्सन	पि.सि.सी. ढलान	२४३१७४.००
१४/०७५/११/०८	डि.के.ब्रदर्स एण्ड विल्डर्स	पि.सि.सी. ढलान	४८६३१४.२९
१५/०७५/११/०८	एभियन निर्माण सेवा	पि.सि.सी. ढलान	४९००२१.१३
१६/०७५/११/०८	ग्रीन नेपाल कन्स्ट्रक्सन एण्ड प्रा.लि.	पि.सि.सी. ढलान	४७०१२८.७४
४६/०७६/०१/१५	SARP GROUP PVT. LTD	मेशिनरी, औजार (इन्जीनियरिङ्ग)	२४९२९१.५६
२०/०७५/११/२७	जय हनुमान बाबा निर्माण सेवा	कार्यालय कम्पाउन्ड सौन्दर्य तथा हवा महल निर्माण	४९१३४९.००
२१/०७५/११/२८	शाह मार्ट , जनकपुरधाम	फर्निचर	३२३२०२.६०
२३/०७५/११/२८	मा राजदेवी कन्स्ट्रक्सन	पि.सि.सी. ढलान	४८८३१०.६५
४९/०७६/०१/१५	आर.पि.सप्लायर्स	फर्निचर	२१७८४७.०५
५०/०७६/०१/१६	जानकी कन्स्ट्रक्सन	गिद्धामा प्रहरी चौकी कम्पाउन्ड वाल निर्माण	४८८८१३.००
६०/०७६/०१/३१	राजिव विल्डर्स	कृषि पैनी मर्मत	१९५३३९.५६
६४/०७६/०१/३१	सुप्रिया कन्स्ट्रक्सन	सडक ढलान	४८४१२१.५७
६५/०७६/०१/३१	ए.एस इन्फ्रास्टक्चर डेभलपमेण्ट	पि.सि.सी. ढलान	४८७०४८.२३
६७/०७६/०१/३१	माँ नर्मदा कन्स्ट्रक्सन	विश्वकर्मा वावा मुर्ति	२०००००.००
७०/०७६/०२/०२	शिव वावा कन्स्ट्रक्सन	माटो कटान गरी सोलिङ्ग गर्ने	२८१०८१.८६
७१/०७६/०२/०२	मिथिला कन्स्ट्रक्सन	माटो कटान गरी सोलिङ्ग गर्ने	३४७६०५.१९
७३/०७६/०२/१०	माँ नर्मदा कन्स्ट्रक्सन	कृषि सडकमा ह्युम पाईप जडान	४८६३७१.७८
७४/०७६/०२/१०	श्री सल्हेश निर्माण सेवा	पि.सि.सी. ढलान	४८४२६०.०८
७५/०७६/०२/१०	एम.ए.एस. विल्डर्स	पि.सि.सी. ढलान	४८८२७६.०३
७७/०७६/०२/१४	सक्षम कन्स्ट्रक्सन	पि.सि.सी. ढलान	४९०००७.५७
७८/०७६/०२/१४	विकास कन्स्ट्रक्सन	पि.सि.सी. ढलान	४८९२६३.६५
८२/०७६/०२/१६	रोशन कन्स्ट्रक्सन	ग्राभेल कार्य	४९०३७८.९१
८३/०७६/०२/१६	माँ कुसुम निर्माण सेवा	पि.सि.सी. ढलान	४९०२१६.७३
८४/०७६/०२/१६	समर विल्डर्स	माटो पुर्ने काम	४९०४४२.७९
८५/०७६/०२/१६	सहगला कन्स्ट्रक्सन	कृषि बाटो निर्माण	४९०२६२.५७
९१/०७६/०२/२०	माँ जानकी कम्प्युटर एण्ड इलेक्ट्रोनिक्स	ल्यापटप, कम्प्युटर	४०००४२.००

९३/०७६/०२/२०	विराट कम्प्युटर एण्ड इलेक्ट्रोनिक्स	ए.सी	३७०६४०.००
९४/०७६/०२/२०	जे.पुन कम्प्युटर एण्ड मोवाइल सर्विस सेन्टर	ए.सी	१५५९४०.००
९६/०७६/०२/२१	आयुष कन्स्ट्रक्सन	अधुरो भवन निर्माण	३३५१२६.९५
९९/०७६/०२/२९	आराध्या कन्स्ट्रक्सन	बाटो निर्माण	२६९९१३.००
१००/०७६/०२/२९	क्रिष्टिना कन्स्ट्रक्सन	बाटो निर्माण	२५२९८०.६८
१०८/०७६/०३/०९	रेमन विल्डर्स	पि.सि.सी. ढलान	४८९६४०.८५
११३/०७६/०३/१५	रेजना कन्स्ट्रक्सन	पि.सि.सी. ढलान	४८७६३४.७६
११४/०७६/०३/१८	सार्प ग्रुप प्रा.लि.	फर्निचर	२०९१९६.९०
१२२/०७६/०३/२०	चन्द्रमोहन कन्स्ट्रक्सन	ग्राभेल कार्य	४८९११३.८४
१३१/०७६/०३/२३	न्यु माँ गायत्री कन्स्ट्रक्सन	कम्पाउण्ड वाल निर्माण	३९२१४४.६७
१३३/०७६/०३/२३	रमेश कन्स्ट्रक्सन	चौतारा निर्माण	३४१४६३.००
१३५/०७६/०३/२३	माँ नर्मदा कन्स्ट्रक्सन	पि.सि.सी. ढलान	४९१०६७.७८
१४०/०७६/०३/२५	हटलाइन कन्स्ट्रक्सन	कल्भर्ट निर्माण	४७६९७१.७८
१४५/०७६/०३/२५	लक्ष्मण एण्ड भरत कन्स्ट्रक्सन प्रा.लि.	पि.सि.सी. ढलान	४९०७१३.५६
१६८/०७६/०३/२६	श्री सल्हेश निर्माण सेवा	कम्पाउण्ड वाल निर्माण	४२६६२९.९२
१७१/०७६/०३/२६	देव कन्स्ट्रक्सन	माटो पुर्ने काम	१५०४८२.१०
१८९/०७६/०३/२७	राजु कन्स्ट्रक्सन	पि.सि.सी. ढलान	४९०८६१.६३
१९५/०७६/०३/३०	कवि कन्स्ट्रक्सन	कम्पाउण्ड वाल निर्माण	३४२१९१.१८
१९७/०७६/०३/३०	शिवम् कन्स्ट्रक्सन	सिमा प्रहरी चौकीमा भान्सा घर निर्माण	४३८३५८.००
१९९/०७६/०३/३०	आरुषि कन्स्ट्रक्सन	घर निर्माण	४८९४४२.१३
२०१/०७६/०३/३०	आनन्द कन्स्ट्रक्सन	मन्दिर निर्माण	४९०२१७.२८
२१८/०७६/०३/३१	रोहित विल्डर्स	पि.सि.सी. ढलान	४८६६२२.१८
२२३/०७६/०३/३१	सुप्रिया सिंह कन्स्ट्रक्सन प्रा.लि	छत ढलान र प्लास्टर	४३३७८५.८०
२३०/०७६/०३/३१	शाह कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि.	पि.सि.सी. ढलान	४८७०६३.०९
२३२/०७६/०३/३१	आशिष एण्ड अश्विन कन्स्ट्रक्सन	पि.सि.सी. ढलान	४८६७८१.८१
२३४/०७६/०३/३१	आर.कि.कन्स्ट्रक्सन	पि.सि.सी. ढलान	४८७३८८.१२
२३६/०७६/०३/३१	आर.आर.वि. कन्स्ट्रक्सन	पि.सि.सी. ढलान	४८७०९८.०४
२४५/०७६/०३/३१	ग्लोवल सप्लायर्स	फर्निचर	४७७९९०.००
२४६/०७६/०३/३१	कमल निर्माण सेवा	अधुरो भवन निर्माण	४७७९००.७३
२४८/०७६/०३/३१	रजक कन्स्ट्रक्सन प्रा.लि.	कृषि सडकमा माटो पुर्ने कार्य	४४११५३.२२
२५०/०७६/०३/३१	सिमा कन्स्ट्रक्सन	शौचालय निर्माण	१९४६६५.२४
२५२/०७६/०३/३१	गौतम एण्ड मनिष कन्स्ट्रक्सन	अधुरो भवन निर्माण	४६९१८९.००
२५४/०७६/०३/३१	एंजिला कन्स्ट्रक्सन प्रा.लि.	अधुरो घाट निर्माण	४८८४३९.००
२५६/०७६/०३/३१	सिमा कन्स्ट्रक्सन	कृषि सडकमा माटो पुर्ने कार्य	२८७६८४.५४
२५८/०७६/०३/३१	ग्रीन नेपाल कन्स्ट्रक्सन एण्ड प्रा.लि.	पि.सि.सी. ढलान	४८३२४०.७९
२६३/०७६/०३/३१	माँ जानकी निर्माण सेवा	माटो पुर्ने काम	४९११६६.६०
२६६/०७६/०३/३१	श्री सल्हेश निर्माण सेवा	पि.सि.सी. ढलान	३८९४४६.२४
२७१/०७६/०३/३१	श्री हनुमान निर्माण सेवा	पि.सि.सी. ढलान	४८७६१३.२७
२७९/०७६/०३/३१	मुक्तिनाथ विल्डर्स प्रा.लि.	पि.सि.सी. ढलान	२८६९७२.६५
२८१/०७६/०३/३१	बाबा कन्स्ट्रक्सन	प्रसुति गृह मर्मत	३८४५१६.६०
२८६/०७६/०३/३१	शुसान्त निर्माण सेवा तथा कन्सल्टेन्सी लि.	कल्भर्ट निर्माण	३५३२३५.३३
२८८/०७६/०३/३१	परिधि कन्स्ट्रक्सन	अधुरो भवनको छत ढलान	४६७८७९.५१
२९०/०७६/०३/३१	राघवन कन्स्ट्रक्सन	कल्भर्ट निर्माण	२९६९१४.९६
२९५/०७३/०३/३१	जे.वि. कन्स्ट्रक्सन	कल्भर्ट निर्माण	३३४००६.६१
२९७/०७६/०३/३१	दिव्यान्सु निर्माण सेवा	कल्भर्ट निर्माण	४९०३४२.२७
२९९/०७६/०३/३१	ड्रिम ल्यान्ड निर्माण सेवा	माटो ग्राभेल कार्य	३९२३१६.२९
३०३/०७६/०३/३१	कामख्या कन्स्ट्रक्सन	पि.सि.सी. ढलान	२९८८६३.११

३१६/०७६/०३/३१	एम.ए.एस. विल्डर्स	ह्युम पाइप जडान	४२४७३५.४०
३२४/०७६/०३/३१	सुरज निर्माण सेवा	अधुरो भवनको निर्माण कार्य	२५०३७१.१८
३३१/०७६/०३/३१	डि.डि.एस. विल्डर्स	अधुरो भवनको निर्माण कार्य	३४०१५८.७९
३३५/०७६/०३/३१	श्री सल्हेश निर्माण सेवा	अधुरो भवनको निर्माण कार्य	२८९०५१.२३
३३७/०७६/०३/३१	लक्ष्मण एण्ड भरत कन्स्ट्रक्सन प्रा.लि.	पि.सि.सी. ढलान	४८९४६३.७९
३३९/०७६/०३/३१	माँ नर्मदा कन्स्ट्रक्सन	ह्युम पाइप खरिद तथा जडान	३६७५००.००
३४१/०७६/०३/३१	जित एण्ड टिकु निर्माण सेवा	सडक मर्मत	२४४४८३.००
		जम्मा	**३५७५५४८८.२**

३३.	**अर्थको सहमति विना सवारी खरिद** : कार्यालयले सवारी साधन खरिद गर्दा अर्थ मन्त्रालयको स्वीकृती लिई खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले बजेट व्यवस्था गरी १० थान मोटरसाइकल खरिद गरी रु. २४९५०४०।०० खर्च गरेको देखियो । अर्थ मन्त्रालयको स्वीकृती लिएर मात्र सवारी साधन खरिद गरिनु पर्नेमा सो वमोजिम नभएकोले यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।	
३३.१.	**मोटरसाइकल** : ५८।०७६।१।२७ सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको किसिम इन्धन मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने,सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले श्रीराम जानकी अटो वर्दिबासबाट पल्सर मोटरसाइकल १० थान प्रति थान रु २४९५०४।०० को दरले खरिद गरी रु २४९५०४०।०० भुक्तानी गरेको छ । उक्त मोटरसाइकल कार्यालयले कार्यपालिकाका पदाधिकारी सदस्यहरुलाई वितरण गरेको छ । कानुनमा सवारी साधन व्यवस्था नहुनु, मोटरसाइकल प्राप्त गर्ने पदाधिकारीले सवारी चालक अनुमति पत्र प्राप्त गरे नगरेको एकिन नगरी मोटरसाइकल वितरण गर्ने कार्य नियम सम्मत देखिदैन । अतः सुविधा सम्वन्धि व्यवस्था समेतलाई ध्यान दिई खरिद भएका मोटरसाइकल सही सदुपयोग गर्नुपर्दछ ।	
३४.	**जिन्सी दाखिला** : ५६/०७६/१/२५ आर्थिक कार्यविधि नियमावली, २०७४ को नियम ४७ मा सामान खरिद र जिन्सी आम्दानी गरेको आधारमा खर्च लेख्नुपर्ने व्यावस्था छ । कार्यालयले श्री मा.वि. ठाढीका लागि ८० थान डेक्स वेन्च खरिद गरी रु ४३७०००।०० भुक्तानी गरेकोमा ति सामान सम्वन्धित संस्थाको जिन्सी खातामा आम्दानी वाधेको प्रमाण नभएकोले सम्वन्धित जिन्सी खातामा आम्दानी बाधेको प्रमाण पेश गर्नुपर्ने रु	४३७०००.००
३५.	**अनुगमन** : ३५०।०७६।३।३१ गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ मा नगर प्रमुख, उप प्रमुख तथा अन्य सदस्यहरुले अनुसूची १ मा उल्लेख भए बमोजिमको सुविधालाई अधिकतम कायम गरी निर्धारण गरे वमोजिम सुविधा पाउने व्यावस्था रहेको देखिन्छ । उल्लेखित अनुसूचीमा नगरभित्रका योजनाहरु अनुगमन गर्दा भत्ता दिने व्यवस्था देखिदैन । कार्यालयले वडा स्तरीय अनुगमन वापत ८ जना वडाध्यक्षहरुलाई रु ७६८००।०० र नगर स्तरीय योजनाको अनुगमन वापत नगरस्तरीय अनुगमन समितिका ४ पदाधिकारीहरु लाई रु १९६८००।०० समेत रु २७३६००।०० अनुगमन भत्ता भुक्तानी गरेको छ । अतः उक्त रकम सम्वन्धितबाट असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु	२७३६००.००
३६.	३५०।०७६।३।३१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) बमोजिम रकम निकासा दिदा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यावस्था छ । कार्यालयले कन्टिन्जेन्सी वाट निम्न अनुसार कर्मचारीहरुलाई नगरपालिका भित्र विभिन्न योजनाहरु अनुगमन गरेको भनि रु १४७६००।०० खर्च गरेकोमा खर्चलाई पुष्ट्याँई गर्ने प्रमाण खर्च साथ संलग्न छैन । खर्च पुष्ट्याँई हुने प्रमाण पेश गर्नुपर्ने देखिएको रु	१४७६००.००

सि.नं.	कर्मचारीको नाम थर	भुक्तानी रकम
१.	नि.प्र.प्र.अ श्री संजिव कुमार साह	४९२००.००
२.	लेखा अधिकृत श्री अरुण कुमार झा	४९२००.००
३.	योजना शाखा प्रमुख बसन्त कुमार मण्डल	४९२००.००
	जम्मा	१४७६००.००

३७.	गो.भौ.न ११५।०७६।३।१९ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च गर्दा खर्चका साथ विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले वडा नम्बर ९ मा विद्युत् जडान कार्यको लागि पोल खरिद तथा जडान वापत नेपाल विद्युत् प्राविधिकरणलाई रु ४०००००।०० निकासा गरेकोमा खर्चका साथ खर्चलाई पुष्ट्याँई गर्ने प्रमाण संलग्न छैन । अतः सम्बन्धित कार्यमा रकम खर्च भएको प्रमाण पेश गर्नुपर्ने देखिएको रु	४०००००.०
३८.	**विस्तृत नापी** : भौ.न ९५।०७६।२।२१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार प्राविधिक नाप जाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा विल र विजकको भूक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले विदेह नगरपालिका खानेपानी उपभोक्ता समिति (१-९) लाई आवश्यकता अनुसार खानेपानी	२९०४४६५.००

	हेण्डपाइप खरिद तथा जडान कार्य गरेको भनी एक हेण्ड पाइपको खरिद तथा जडानको मुल्यांकन गरी ४५ वटा हेण्ड पाइपको संख्यालाई गुणा गरी लागत अनुमान तयारी तथा सोही अनुसार मूल्यांकन गरी रु २९०४४६४।९० रकम भुक्तानी गरेको छ । स्थान अनुसार जडान गर्न गहिराई तथा अन्य कुराहरुले लागत अनुमान तथा मुल्यांकन फरक पर्ने भएकोले कुन कुन स्थानमा हेण्डपाइप जडान भएको हो सो समेत देखिने गरी वास्तविक मुल्यांकन गरी विस्तृत नापी पेश गर्नुपर्ने देखिएको रु	
३९.	**वढि भुक्तानी** : १४२।०७६।३।२५ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिबाट कुनै निर्माण कार्य गराउँदा जनसहभागिताको अंश भुक्तानीमा कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले दलित सामुदायिक भवन निर्माण उपभोक्ता समिति (आ.ब. २०७४।०७५ को आयोजनामा) खुद काम रु ४६५२६८।०० मा जनसहभागिता १० प्रतिशतले रु ४६५२६।८० कट्टा गरी खुद भुक्तानी रु ४१८७४२।२० गर्नुपर्नेमा पूरै रकम भुक्तानी भएकोले वढि भुक्तानी भएको रु ४६५२७।०० सम्वन्धित उपभोक्ता समितिबाट असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु	४६५२७.००
४०.	**नाफा मुलक संस्थालाई योजना** : नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । नगर कार्यपालिकाको कार्यालयले निम्न अनुसार रु १२३२८०२।०० रकम नाफामुलक कृषि सहकारी संस्थालाई उपलब्ध गराएको छ । नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौट गरी सञ्चालन गर्नुपर्नेमा सहकारी संस्थालाई अनुदान उपलब्ध गराएको नियम संगत नदेखिएको रु	१२३२८०२.००

भौ.न र मिति	सहकारी संस्था	कामको विवरण	भुक्तानी रकम
२२०/०७६/३/३१	सामुदायिक बचत तथा ऋण सहकारी संस्था	भौतिक पूर्वाधार निर्माण	२९४३५४.००
३१८/०७६/३/३१	साना किसान कृषि सहकारी संस्था लि. गिद्धा	भवन निर्माण	९३८४४८.००
		जम्मा	१२३२८०२.००

४१.	आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) बमोजिम बजेट रकम खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नयाँ कृषि सडक निर्माण उपभोक्ता समिति लाई सडकमा स्काभेटरबाट माटो भरी ट्याक्टरबाट मिलाउने गरी लागत अनुमान रु ३२७५४५।२० तयार गरी कार्य गर्न दिएकोमा समितिले महिमा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली लाई उक्त कार्य गरेको रु १८८१४५।०० को फर्मको विल, डोर हाजिरी रु ११८८००।०० को संलग्न गरी खुद काम रु ३०५४२६।३१ को भुक्तानी भएको छ । प्राविधिकबाट तयार भएको विलमा स्काभेटरबाट माटो काटी ट्याक्टरबाट लेबलिङ्ग भएकोले डोरहाजिरी संलग्न गरी भुक्तानी भएको रु ११८८००।०० को सम्वन्धमा कार्यालयबाट वास्तविकता एकिन गरी असुल फछ्र्यौट गर्नुपर्ने देखिएको रु	११८८००.००
४२.	**वढी भुक्तानी**: सार्वजनिक खरिद निमयावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स बमोजिमको दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार उपभोक्ता समितिहरुबाट निर्माण कार्य गराँउदा पि.सि.सि १:२:४ को दर विश्लेशण अनुसार प्रति घन मिटर रु १०१८६।५० ले लागत अनुमान तयार गर्नुपर्नेमा फरक परी आर.सि.सि को लागि पि.सि.सि १:२:४ को १०८३६।५० ले लागत अनुमान तयार गरी प्रति घन मिटर रु ६५०।०० वढी लागत अनुमान तयार भई उपभोक्ता समिति मार्फत कार्य गराउँदा रु ५१३८३८।५० वढी मुल्यांकन हुन गएको छ । अत: वढी दरमा लागत अनुमान तयार गरेको कारणले उपभोक्ता समितिलाई रु ५१३८३८।५० वढी भुक्तानी भएकोले उक्त रकम असुल गर्नुपर्ने देखिएको रु....................	५१३८३८.५

भौ.न र मिति	उपभोक्ता समिति	कामको विवरण	परिमाण (घ. मी)	भुक्तानी दर	भुक्तानी हुनुपर्ने दर	फरक	वढी भुक्तानी
७६/०७६/२/१३	पि.सि.सि ढलान उ.स	pcc work 1:2:4	८५.६०	१०८३६.५०	१०१८६.५०	६५०.००	५५६४०.००
७२/०७६/२/३	आलम शाहको घर देखि राम प्रसाद पासवानको घर सम्म सडक ढलान उ.स	pcc work 1:2:4	६२.४४	१०८३६.५०	१०१८६.५०	६५०.००	४०५८६.००
९८/०७६/२/२९	सतो पाण्डेको भर देखि स्कुल नहर सम्म पि.सि.सि ढलान उ.स	pcc work 1:2:4	५२.८०	१०८३६.५०	१०१८६.५०	६५०.००	३४३२०.००
१०१/०७६/२/२९	रामधनीको घर	pcc	६४.३०	१०८३६.५०	१०१८६.५०	६५०.००	४१७९५.००

	देखि सोनेलाल मण्डलको घर सम्मको पि.सि.सि ढलान उ.स	work 1:2:4					
१०७/०७६/३/५	थलि टोलमा पक्कीनाला तथा सडक ढलान	pcc work 1:2:4	३२६.९३	१०८३६.५०	१०१८६.५०	६५०.००	२१२५०४.५०
१६५/०७६/३/२६	हुलाकी सडक देखि देवेन्द्र साफिको घर सम्मको सडक ढलान उ.स	pcc work 1:2:4	४४.७१	१०८३६.५०	१०१८६.५०	६५०.००	२९०६१.५०
२६०/०७६/३/३१	भगवती मन्दिरको प्रांगण र बाटोको उपभोक्ता समिति	pcc work 1:2:4	४०.९५	१०८३६.५०	१०१८६.५०	६५०.००	२६६१८.००
२९२/०७६/३/३१	वावा मन्दिर देखि पंचानाग महादेव मन्दिर सम्म पि.सि.सि ढलान उ.स	pcc work 1:2:4	११२.७९	१०८३६.५०	१०१८६.५०	६५०.००	७३३१३.५०
	जम्मा						**५१३८३८.५**

नगरपालिका पुँजिगत तर्फ :

४३. **गत वर्षको भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० अनुसार स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको अवस्थामा मात्र भुक्तानी दिन वाँकीको कच्चावारीमा रहेको खर्च भुक्तानी गर्न सकिनेमा कार्यालयले आयोजनागत भुक्तानी दिन वाँकी रकम नगरसभाबाट पास नगराई आर्थिक वर्ष २०७४।०७५ को भुक्तानी गर्न वाँकी आयोजना, गत आ.व को बचत रकम मध्ये रु ३००००००।०० नगर प्रमुखको निर्देशनमा खर्च गर्ने गरी एकमुष्ठ निर्णय गरेको देखिन्छ । कार्यालयले आयोजनागत भुक्तानी गर्न वाँकि वास्तविक रकम एकिन गरी नगरसभाबाट कार्यक्रम राखि पारित गर्नुपर्नेमा एकमुष्ठ अनुमानित बजेट राखि निम्नानुसराको आयोजनामा रु १९२३४७५१.०४ खर्च गरेको नियमसंगत देखिदैन । अत: खर्चलाई पारदर्शि, मितव्ययी र प्रभावकारी बनाउनु पर्दछ ।

भौचर नं. र मिति	उपभोक्ता समिति / फर्मको नाम	कामको विवरण	लागत अनुमान	कार्य सम्पन्न रकम	भुक्तानी रकम
२/०७५/०९/२६	जुगल मण्डलको घर देखि नेमुवाटोल सिमा उ.स.	कृषि सडकमा माटो भर्ने	५५५५८८.०७	२६७४१०.७५	२४०६६९.६७
३/०७५/०९/३०	मजली पोखरी देखि निमुवाटोलको कृषि बाटो सम्म कृषि सडक उ.स.	कृषि सडकमा माटो भर्ने	७७८००४.९९	३०२२२२.२२	२४०६६९.००
४/०७५/०९/३०	अधुरो हनुमान मन्दिर निर्माण तथा ह्युम पाइप जडान उ.स.	मन्दिर निर्माण	१९७०००.००	२१५७१४.७३	१९४१४३.००
५/०७५/०९/३०	अशेश्वर गोइतको पोखरी देखि नहर सम्म सडक उ.स.	कृषि सडकमा माटो भर्ने	५५५५८८.०७	२६७०६०.०३	२४०३५४.००
६/०७५/०९/३०	समुदायिक भवन निर्माण उ.स.	भवन निर्माण	२७७९०९.७१	१८०१२०.६९	१६०७१२.००
७/०७५/०९/३०	हनुमान मन्दिरको दक्षिण पट्टी दुई कोठे भवन निर्माण उ.स.	भवन निर्माण	७७८१६९.८१	५९८२१२.३४	५३८३९१.००
८/०७५/०९/३०	श्री रा.प्रा.वि. मुडिवा सम्म न.पा. सडक निर्माण उ.स.	माटो भर्ने	२७७७९४.०३	८९७३०.८७	८०७५७.००
१०/०७५/१०/०९	गोखला पोखरी देखि चमरा पैनी सम्म कृषि बाटो निर्माण उ.स.	माटो भर्ने	२७८१८१.२५	१३१६३८.७७	११८४७४.००
११/०७५/१०/०९	जामुन चौक देखि हनुमान मन्दिर पूर्व मडिवा सम्म कृषि बाटो निर्माण उ.स.	माटो भर्ने	३८९१३७.२२	२४४५५९.६६	२२०१०३.००
१२/०७५/१०/१०	पैनी मर्मत तथा सरसफाई उ.स.	मर्मत	५०००००.००	४०४७८८.००	३६४३०९.००
१३/०७५/१०/१०	सडक ढलान उ.स.	पि.सि.सी. ढलान	७७८५६६.२४	७७७४९५.००	६९९७४५.००
१४/०७५/१०/१०	इसलामपुर टोलमा चपुतरा	चपुतरा निर्माण	२२२५०४.००	२१८३२९.००	१९६४९६.००

	निर्माण				
१५/०७५/१०/१३	गाइत पोखरी देखि नमुना टोल सिमा उ.स.	माटो भर्ने	२७७७९४.००	१६०५३६.००	१४४४८३.००
१६/०७५/१०/१३	वडा कार्यालयमा शौचालय निर्माण तथा ह्यान्ड पाइप जडान उ.स.	ह्यान्ड पाइप जडान	२७८२८७.००	२००९७६.००	१८०८७८.००
१७/०७५/१०/१३	माटो ग्राभेल उ.स.	माटो ग्राभेल	१८८९७७५	१६२७६९१.००	१४६४९२२.००
१८/०७५/१०/१३	कृषि सडक उ.स. योगियाडा	माटो भर्ने	५४४६७५.८५	४०१९५८.००	३६१७६२.५९
१९/०७५/१०/१४	शैलेन्द्र झा को घर देखि विसनुदेव यादवको घर सम्म सडकमा माटो तथा ग्राभेल कार्य उ.स.	ग्राभेल	३९९४९०.१६	३६९४१४.००	३६९४१४.००
२०/०७५/१०/१८	सडक ढलान उ.स. नवटोली	सडक ढलान	१११३६५६.३	३७०९१९.७०	३३३८२७.००
२१/०७५/१०/१८	माटो ग्राभेल उ.स. बेलापट्टि	सडक ढलान	८८९४३१.५३	८७७२३६.९१	७८९५१३.००
२२/०७५/१०/१८	योगियाडा कृषि सडक उ.स.	कृषि सडक	८०००००	६६१८५१.७९	५९५६६६.००
२३/०७५/१०/१८	अधुरो हनुमान मन्दिर निर्माण उ.स.	मन्दिर निर्माण	२२२५८७.१५	१४००५४.००	१२६०४९.००
२४/०७५/१०/२५	माटाृ तथा ग्राभेल उ.स.	माटो ग्राभेल	६६७०७३.६५	२४६४११.००	२२१७७०.००
२५/०७५/११/०२	इसलामपुर टोलमा मदर्सामा शौचलय निर्माण	शौचालय निर्माण	७५०००	८७१७०.००	७३७२७.००
२९/०७५/११/२८	डिहवार स्थान, घेरा वेरा, न.पा. मन्दिर निर्माण तथा गेट लगाउनृ उ.स.	मन्दिर निर्माण	११११३११	९५६२२८.००	८६०६०६.००
३०/०७५/१२/०१	पि.सि.सी ढलान उ.स.	पि.सि.सी. ढलान	५५५६३३०.७	५३९०९०२.००	४८५१८१२.००
३१/०७५/१२/०५	मदर्सा कम्पाउन्ड वाल निर्माण उ.स.	कम्पाउन्ड वाल निर्माण	१११४९२.२७	१०८८१६.००	९७९३५.००
३२/०७५/१२/०५	हनुमान मन्दिर जिर्णोधार उ.स.	मन्दिर जिर्णोधार	३३३४७१	३०१३३५.००	२७१२०२.००
३४/०७५/१२/१२	कब्रिस्थान वाउण्ड्री वाल गेट निर्माण उ.स.	वाल निर्माण	२२२५७०	९७९४९.००	८८१५४.००
३९/०७६/०३/३१	वाहो नदिमा पूल तथा फाटक निर्माण उ.स.	कल्भर्ट निर्माण	७६५७९०.३१	७५४९९१.००	६८८९०३.००
४२/०७६/०३/३१	सामुदायिक भवन निर्माण विदेह न.पा. ९ उ.स.	भवन निर्माण	७७८५७१.३३	४८०६४७.००	४३२५८२.००
४६/०७६/०३/३१	सहायक सडकमा माटो ग्राभेल गर्ने उ.स.	ग्राभेल	२६६७०२८	२५६८३३६.५४	२३११५०२.००
४७/०७६/०३/३१	छडकी तथा पैनी जिर्णोधार उ.स. ७	पैनी निर्माण	४४५०५८.८१	८३९३८.००	७५५४४.००
३१८/०७६/३/३१ वितिय समानिकरण पुँजिगत	साना किसान कृषि सहकारी संस्था लि.	भवन निर्माण	१०४२७२०.००	१०४२७२०.००	९३८४४८.००
५२/०७६/१/२४	कृषि सडक उपभोक्ता समिती	माटो पुर्ने	४४५९०८.२०	२१७६०३.७३	१९५८४३.००
१४२/०७६/३/२५	दलित सामुदायिक भवन निर्माण	भवन निर्माण	७७८५७१.३३	४६५६८५.७८	४६५३८५.७८
		जम्मा	२७००५०३६.९८	२१३१०६५२.५१	१९२३४७५१.०४

४४.	**वढी भुक्तानी** : गो.भो.न. ३९।०७६।३।३१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) बमोजिम बजेट खर्च गर्दा रितपूगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले वोहा नदीमा पूल तथा फाटक निर्माण उपभोक्ता समितिबाट कल्भर्ट निर्माण कार्य गरी प्राविधिकबाट तयार भएको विलमा Back filling Works on both side of culvert मा १९ घनमिटरको प्रति घनमिटर ५५०।३९ का दरले गुणन गर्दा रु १०४५७०० हुनुपर्नेमा रु २०९१४।८२ भई विल वढी भूक्तानी भएकोले वढी भूक्तानी भएको रु १०४५८।०० असुल गरी दाखिला गर्नुपर्ने रु	१०४५८.००
	नगरपालिका चालु तर्फ	
४५.	**सल्लाहाकार** : स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधासम्वन्धी ऐनहरुमा पदाधिकारीहरुको लागि सल्लाहाकार तथा सहायक कर्मचारी राखी पारिश्रमिक दिने व्यवस्था छैन । कार्यालयले उल्लेखित व्यवस्थाको	१०९८०००.००

पालना नगरी निम्न अनुसार कर्मचारीहर नगर प्रमुख तथा उपप्रमुखको सचिवालयमा करारमा भर्ना गरी रु १०९८०००।०० खर्च गरेको छ । कानुनमा उल्लेखित सुविधा वाहेक सल्लाहाकार तथा सहायक कर्मचारी नियूक्ति गरी खर्च गरेको नियम संगत नदेखिएको रु

सि.न	पद नाम दर	वार्षिक तलब	पोशाक	चाडपर्व खर्च	संञ्चार	जम्मा
१.	प्रेस सल्लाहकार श्री संजिव कुमार मण्डल	३६००००.००	१००००.००	३००००.००	१२०००.००	४१२०००.००
२.	कार्यालय सहायक श्री चन्देश्वर मण्डल	२७०००.००	-	-	-	२७००००.००
३.	कार्यालय सहयोगी श्री ववितां शर्मा	१९२०००.००	-	१६०००.००	-	२०८०००.००
४.	सुरक्षा गार्ड श्री सत्य नारायण मुखिया	१९२०००.००	-	१६०००.००	-	२०८०००.००

४५.१. **वढी भुक्तानी** : २०।०७६।१।२५ र ३०।०७६।३।३१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले प्रेस सल्लाहाकार श्री संजिव कुमार मण्डललाई मासिक १०००।०० को दरले वार्षिक संचार सुविधा रु १२०००।०० भुक्तानी गर्नुपर्नेमा रु १४०००।०० भुक्तानी गरेकोले वढी भुक्तानी भएको रु २०००।०० सम्वन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु......... २०००.००

४६. **अतिरिक्त समय भत्ता -** गो.भौ.न. ३४।०७६।३।३१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८८ मा स्थानीय तहका कर्मचारीको न्यूनतम सुविधा प्रदेश कानूनले तोकेवमोजिम हुने तथा प्रदेशले नतोकेसम्म नेपाल सरकारले तोके वमोजिम हुने व्यवस्था छ । नेपाल सरकारद्धारा अतिरिक्त समय भत्ता व्यवस्था गरेको अवस्था छैन । कार्यालयले कर्मचारीहरुलाई कार्यालय समय भन्दा बढी विहान वेलुका र सार्वजनिक विदाको दिन अतिरिक्त समय कार्य गरेवापत अधिकृत स्तर रु.१२००।०० नायब सुब्बा रु १०००।०० खरिदार रु ८००।०० तथा श्रेणी विहिन कर्मचारीहरुलाई दैनिक रु. ६००।०० का दरले प्रति दिन भत्ता वापत यो वर्ष ४४ दिनको ७ कर्मचारीलाई २०७५ वैशाख देखि २०७६ असार २५ गते सम्मको रु.२४६४००।०० खर्च लेखेको छ । अतिरिक्त समय पुष्टि गर्न विद्युतीय हाजिरी र सूचकसहितको कार्यसम्पादन नतिजा, मूल्याङ्कन गरी भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

४७. **आर्थिक सहायता** : स्थानिय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानिय तहको रकमबाट आर्थिक सहायता चन्दा पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैन । कार्यालयले यो वर्ष रु १६२०००।०० आर्थिक सहायता वितरण गरेको छ । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्ने देखिएको रु १६२०००.००

४८. **किशोरी शिक्षा कार्यक्रम** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(१) बमोजिम बजेट निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले किशोरी शिक्षा कार्यक्रम अन्तरगत शिक्षण सिकाई केन्द्रका लागि खरिद गरिएको मसलन्द सामान कपी, डटपेन, पेन्सिल, त्रिपाल लगायत सामाग्री सम्वन्धित लाभग्राही समुहलाई नबुझाई शिक्षिकाहरुलाई बुझाई रु ७६४९०।०० खर्च गरेको छ । उक्त सामानहरु सम्वन्धितले प्राप्त गरेको प्रमाण पेश गर्नुपर्ने रु ७६४९०.००

भौ.न र मिति	**फर्मको नाम**	**सामानको विवरण**	**रकम**
३/०७५/१०/१०	त्रिदेव मसलन्द केन्द्र	कपी, डटपेन, पेन्सील त्रिपाल	५४४४०.००
८/०७५/११/२८	त्रिदेव मसलन्द केन्द्र	कपी, डटपेन, पेन्सील त्रिपाल	२२०५०.००
		जम्मा	७६४९०.००

संघिय सशर्त अनुदान तर्फ

४९. **पशु विकास कार्यक्रम** : नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार पशु स्वास्थ्य नियमन तथा पशु सेवा प्रसार अन्तरगत २० कार्यक्रमका लागि रु ९८५०००।०० र पशु स्वास्थ्य विकास तथा आहारा सेवा कार्यक्रम अन्तरगतका ११ कार्यक्रमका लागि रु ८१८०००।०० बजेट विनियोजन भएको छ । विनियोजित सम्पुर्ण बजेट २०७६ जेष्ठ ८ मा अन्य स्थानिय निकायमा समेत काम गर्ने पशु चिकित्सक वरुण कुमार मल्लिकलाई पेश्की प्रदान गरेको छ । प्राप्त पेश्कि रकमबाट निजले तोकिएका सम्पुर्ण कार्यक्रम सञ्चालन गरी भौ.न १६६ मिति २०७६।३।३१ मा पेश्की फछ्र्यौट समेत गरेको देखिन्छ । वार्षिक रुपमा सञ्चालन गर्नुपर्ने कार्यक्रम आर्थिक वर्षको अन्तिम चौमासिकमा सञ्चालन भई खर्च हुँदा प्रभावकारी र मितव्ययी नहुने देखिन्छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् :

४९.१. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७६(१) मा प्रचलित कानुन बमोजिम कार्यालयले नेपालभित्र वा विदेशबाट मालसामान खरिद गर्दा सोझै सम्वन्धित विक्रेतालाई भुक्तानी दिनु पर्नेछ भन्ने उल्लेख छ । निम्नानुसार पशु आहार र औषधिहरु लागत अनुमान तयार वेगर एकै फर्मबाट तोकिएको सीमा भन्दा वढीको १००७०००.००

	सोझै खरिद गरी कर्मचारी मार्फत भुक्तानी भएको देखिन्छ । खरिद भएका औषधि, घाँस विउ, मल सही सदुपयोग भएको प्रमाण संलग्न गरी खर्च नियमति गर्नुपर्ने देखिएको रु	

सि.न	फर्मको नाम	सामानको विवरण	रकम	कैफियत
१.	प्रशान्त भेटेनरी औषधी पसल	पशु औषधी	८१७०००.००	१४ विल बाट खरिद
२.	भैरव कृषि सहकारी संस्था	यूरिया मोलासेस मिनरल	१२००००.००	कृषक छनौटको आधार पेश नभएको
३.	राजदेवी महिला पशुपालन सहकारी संस्था	घाँसको विउ	१४००००.००	कृषक छनौटको आधार पेश नभएको
		जम्मा	१००७०००.००	

४९.२	अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७५ मा सहभागि यातायात खर्च भुक्तानी गर्दा एक दिन भन्दा वढी अवधीको तालिममा अधिकतम ५००।०० मात्र भुक्तानी दिन मिल्ने उल्लेख छ । व्यवसायीक गाई भैंसि पालन सम्वन्धी ३ दिने तालिममा सहभागि २५ जनालाई यातायात खर्च प्रदान गर्दा प्रति दिन ५०० का दरले रु १२५००।०० यातायात खर्च भुक्तानी गर्नुपर्नेमा रु ७५०००।०० भुक्तानी गरेकोले नर्म्स भन्दा वढी रु ६२५००।०० भुक्तानी भएको देखिएको रु	६२५००.००
५०.	**तलवी प्रतिवेदन** : स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा निजामती सेवा ऐन, २०४९ को दफा ७ ख १ अनुसार कुनै पनि कर्मचारीको तलवि प्रतिवेदन सम्वन्धीत जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराई तलब खुवाउने व्यवस्था छ । त्यस्तै दफा७ ख २ अनुसार तलवी प्रतिवेदन पारित नगराई तलब खुवाएमा यस्तो तलब खुवाउने पदाधिकारीवाट असुल गराउनु पर्ने प्रावधान छ । यस नगरपालिकाले कर्मचारीको तलब र ग्रेड तथा ग्रेड वृद्धि हुने महिना सहितको विवरण वेगरै तलब खर्च लेखेको छ । नियमानुसार प्रतिवेदन पारित नगराई खर्च लेखेको देखिएको हुँदा खर्च लेख्ने पदाधिकारी जिम्मेवार नभएको अवस्था रहेको देखिन्छ । अतः तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।	
५१.	**शिक्षक तलब** :शिक्षक किताबखानाबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्नेमा तलवी प्रतिवेदन पारित नगराइ विद्यालयहरुलाई शिक्षकहरुको तलब वापत रु ४८२२२९२३।०० निकासा दिएको पाइयो । तलबी प्रतिवेदन पारित गराएर मात्र तलब निकासा दिनुपर्दछ । पारित तलवी प्रतिवेदन र विद्यालयगत स्वीकृत शिक्षक दरवन्दी विवरण नभएकोले शिक्षक तलब निकासा भिडान गर्न सकिएन ।	
५२.	**विद्यार्थी छात्रवृत्ती** : विद्यालय क्षेत्र विकास कार्यक्रम(क्षेत्र,जिल्ला,स्थानीय तह) लगायतका आ.ब २०७५।७६ मा सम्पादन हुने कार्यक्रम सम्वन्धी कार्यान्वयन पुस्तिका २०७५।७६ को सि.न २.१५.११ मा सामुदायिक विद्यालयमा आधारभूत तथा माध्यामिक तहमा अध्ययनरत विद्यार्थीहरुका लागि गैर आवासिय छात्रवृत्ति, दलित छात्रवृत्ति वितरण गर्दा कुनै पनि छात्रवृत्ती दोहोरो नपर्ने गरी वितरण गर्ने र २०७६ वैशाखमा भर्ना भएका विद्यार्थीले मात्र छात्रवृत्ति पाउने व्यवस्था छ । यस नगरपालिकाले विभिन्न विद्यालयहरुलाई २०७५ मा भर्ना भएका विद्यार्थी संख्याको आधारमा छात्रवृत्ति तथा पाठ्य पुस्तक बापतको रकम निकासा गरेको छ । २०७६ सालमा भर्ना भएका विद्यार्थी संख्याको आधारमा निकासा दिनुपर्नेमा २०७५ को शैक्षिक सत्रको विद्यार्थी संख्याको आधारमा निकासा दिएकोले सो सम्वन्धमा कार्यालयले विद्यार्थी संख्या एकिन गरी वढी निकासा भएको रकम असुल गर्नुपर्ने ।	
५३.	**शिक्षकबाट काम** : नगरपालिकाको शिक्षा शाखामा विद्यालय प्रशासनको काम गर्ने कर्मचारी नभएको कारणले विद्यालयका शिक्षकलाई उक्त शाखाको काममा लगाउने गरेको पाइयो । यसरी शिक्षकलाई काम लगाउनाले विद्यालयको पढाईमा वाधा पुग्ने भएकोले शिक्षा शाखामा काम गर्ने कर्मचारीको व्यवस्था गर्नुपर्दछ ।	
५४.	**विद्यालय भवन निर्माण** : ११९।०७६।२।१९ र १५२।०७६।३।३१ शिक्षा विभागवाट जारी भएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा सम्पन्न गरिने भवन निर्माण, भवन मर्मत, शौचालय निर्माण तथा कक्षा मर्मत सम्भारको कार्यसम्पन्न प्रतिवेदन अनुसुचि बमोजिमको ढाचामा सम्वन्धित प्राविधिकवाट तयार गर्न लगाई प्राविधिक कर्मचारी, सम्वन्धित विद्यालयका प्र.अ., विद्यालय व्यावस्थापन समितिमा अध्यक्ष र कार्यालय प्रमुख वाट समेत प्रमाणित गरी गराई हरेक अषाढ मसान्तमा विद्यालय, कार्यालय र श्रोत केन्द्रमा एक एक प्रति राख्ने व्यावस्था मिलाउने उल्लेख छ । दुई कोठे विद्यालय भवन निर्माणका लागि यो वर्ष सहदेव राष्ट्रिय प्राथमिक विद्यालयलाई रु १६०००००।०० भुक्तानी गरेकोमा उल्लेखित व्यावस्था अनुसार कार्यसम्पन्न प्रतिवेदन पेश गरेको देखिएन । तोकिए बमोजिम कार्य सम्पन्न गरेको प्रमाण पेश हुनुपर्ने रु	१६०००००.००
५५.	**पाठ्यपुस्तक निकासा** : विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका वमोजिम पाठ्यपुस्तकको निकासा दिदा पहिलो पटकमा विद्यार्थी संख्या को ७५ प्रतिशत संख्या लाई मात्र निकासा दिने र बाकी २५ प्रतिशत बैशाखवाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्ना भएको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा नपुग हुने रकम मात्र थप निकासा दिने व्यावस्था छ । नगरपालिका कार्यालयले उल्लेखित	२०२७५३०.००

<table>
<tr><td></td><td>व्यावस्था अनुसार विद्यार्थी भर्ना विवरण, पाठ्यपुस्तक खरिद विल तथा वितरणको भरपाई समेत संलग्न नगरी निम्न अनुसार रु २०२७५३०.०० निकासा दिएकोले खर्चको वास्तविकता एकिन गर्न सकिएन । अत : विद्यार्थी संख्या पाठ्यपुस्त खरिद तथा वितरणको यर्थात विवरण पेश हुनुपर्ने देखिएको रु
<table>
<tr><td>भौचर नं.मिति</td><td>विद्यालय</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>६०/०७५/ /२८</td><td>१३ विद्यालयलाई</td><td>७५ प्रतिशत शुरु निकासा</td><td>१५९४६९६.००</td></tr>
<tr><td>१४५/०७६/३/३०</td><td>१३ विद्यालयलाई</td><td>२५ प्रतिशत</td><td>४३२८३४.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२०२७५३०.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>५६.</td><td>बुक कर्नर : आर्थिक कार्यविधि नियमावली, २०६४ को दफा ३६(३) मा खर्च गर्दा खर्चभएका विल भरपाई सहितको लेखा राख्नुपर्ने र ३६(८) मा कुने रकमको भुक्तानी दिदा रित पुग नपुगेको जाँच गर्नुपर्ने व्यावस्था छ । विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वियन पुस्तिका अनुसार बुक कर्नर स्थापनाका लागि १३ विद्यालयलाई रु १३८८८००।०० निकासा भएकोमा सम्वन्धित विद्यालयहरुले बुक कर्नर स्थापना र सञ्चालन गरेको प्रमाण खर्चसाथ संलग्न छैन । लेखापरीक्षणको क्रममा श्री माध्यामिक विद्यालय ठाढी स्थलगत अवलोकन गर्दा उल्लेखित शिर्षकमा विनियोजित बजेटबाट बुक कर्नर स्थापना तथा सञ्चालन गरेको समेत नदेखिएकोले बुक कर्नर स्थापना तथा सञ्चालन भएको देखिने विवरण पेशगर्नुपर्ने देखिएको रु</td><td>१३८८८००.००</td></tr>
<tr><td>५७.</td><td>शिक्षक अभिलेख - शिक्षा मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ अनुसार शिक्षा विभाग समावेशी शिक्षा शाखाबाट प्रमाणित गरी पठाएको दरबन्दी विवरणका आधारमा शिक्षकहरुको अभिलेख अद्यावधिक गरी शिक्षक एवं कर्मचारीहरुको तलब भत्ता लगायतका रकम विद्यालयगत रुपमा यकिन गरी खर्च लेख्नुपर्ने उल्लेख छ । तर पालिकाले विद्यालयगत रुपमा शिक्षकहरुको स्थायी, अस्थायी एवं राहत दरबन्दी विवरण अद्यावधिक गरको पाइएन । साथै पालिकाले यसवर्ष कुन कुन विद्यालयमा के कति शिक्षकहरुको नयाँ नियुक्ति, सरुवा, बढुवा, अवकास एवं बेतलबी बिदामा छन् सोको अद्यावधिक विवरण लेखापरीक्षणमा पेस नगरेकोले विद्यालयको तलबी माग फारामलाई नै आधार मानी तलब निकासा भिडान गरिएको छ । जसले गर्दा तलब निकासा रकम यथार्थपरक एवं दुरुस्त छ भनी आश्वस्त हुन सकिएन ।</td><td></td></tr>
<tr><td>५८.</td><td>गो.भौ.न ७५।०७६।१।२५ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(१) बमोजिम बजेट निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यावस्था छ । कार्यालयले निम्न अनुसार कार्यक्रम संचालन गर्न रु १३०००००।०० उपलब्ध गराएकोमा खर्चका साथ खर्चको पुष्ठयाई गर्ने विवरण संलग्न छैन । अत निकासा भएको अनुदान सहि सदुपयोग भएको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><td>विद्यालय</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>श्री मा.वि ठाढी</td><td>विज्ञान प्रयोगशाला</td><td>६५००००.०</td></tr>
<tr><td>श्री सरस्वती मा.वि बफै</td><td>आइ. सि.टी</td><td>६५००००.०</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१३०००००.०</td></tr>
</table></td><td>१३०००००.००</td></tr>
<tr><td>५९.</td><td>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(१) बमोजिम बजेट निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यावस्था छ । कार्यालयले निम्न अनुसार निशुल्क स्वास्थ्य सेवाका लागि आवश्यक पर्ने विभिन्न औषधि र सर्जिकल सामानहरु रु २३८५७६८।०० को जिन्सी आम्दानी गरी स्वास्थ्य चौकिहरुको माग बमोजिम एकमुष्ट निकासा जनाई खर्च जनाएको छ । उक्त औषधि तथा सर्जिकल सामान सम्वन्धित स्वास्थ्य चौकिले जिन्सी खातामा आम्दानी नगरेको, के कति प्रयोग भयो, के कति मौज्दात तथा म्याद समाप्त भए नभएको सम्वन्धमा कार्यालयवाट विवरण प्राप्त नभएकोले खर्चको यथार्थता एकिन गर्न नसकिएको रु
<table>
<tr><td>भौ.नं. मिति</td><td>फर्मको नाम</td><td>रकम</td></tr>
<tr><td>४४/०७५/११/२८</td><td>प्रिन्सी फार्मेसि</td><td>४४४६०.००</td></tr>
<tr><td>४५/०७५/११/२८</td><td>स्वस्तिका सप्लायर्स</td><td>३०५५३१.००</td></tr>
<tr><td>८३/०७६/१/२९</td><td>स्वस्तिका सप्लायर्स</td><td>४४९७५.००</td></tr>
<tr><td>४९/०७५/१२/६</td><td>सुमिता मेडिसिन डिष्ट्रिव्यूटर्स</td><td>१९९०८०२.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२३८५७६८.००</td></tr>
</table></td><td>२३८५७६८.००</td></tr>
<tr><td>६०.</td><td>सामाजिक सुरक्षा : जेष्ठ नागरिक दीर्घ सेवा सम्मान र सामाजिक सुरक्षा तर्फ यस वर्ष ३ चौमासिक भत्ता वितरण गरी रु ४८२७४०००।०० खर्च जनाएको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेको छ :</td><td></td></tr>
<tr><td>६०.१.</td><td>नगद वितरण : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ७ मा लाभग्राहीहरुले नाम नविकरण गर्नुपर्ने तथा नाम नविकरण नगर्ने लाभग्राहीहरुले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न सक्ने छैनन्, दफा २२ मा मन्त्रालयको स्वीकृति विना हातहातै नगद वितरण गर्न पाइनेछैन भन्ने व्यवस्था छ । यस नगरपालिकाले लाभग्राहीहरुको नाम नविकरण नगरेको तथा मन्त्रालयको स्वीकृति वेगरै नगद वितरण गरेको छ ।</td><td></td></tr>
</table>

६०.२.	**लाभग्राहीको विवरण MIS मा प्रविष्टि नगरेको :-** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को दफा १३ मा नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक बर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र केन्द्रिय पञ्जीकरण विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (MIS) मा अनिवार्य रुपमा प्रविष्ट गर्नुपर्ने व्यवस्था छ । साथै दफा १५ मा दफा १३ बमोजिम MIS मा प्रविष्टि भएको लाभग्राहीहरुको अधावधिक विवरण तथा दफा ५ को उपदफा ख,ग,घ र ङ को व्यवस्था अनुसार भएको अधवधिक प्रविष्टि वा प्रमाणित विवरणका आधारमा को.ले.नि.का बाट चौमासिक विवरण प्राप्त गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले लाभग्राहीहरुको विवरण MIS मा प्रविष्टि नगरी वडा कार्यालयबाट प्राप्त विवरणका आधारमा रकम माग गरेको पाइयो । कार्यविधिमा व्यवस्था भए बमोजिम लाभग्राहीको विवरण MIS प्रविष्टि नगरेकोले हस्त लिखित भरपाईका आधारमा रकम भुक्तानी गरेको छ । भरपाईहरुमा तोकिएका सम्पुर्ण विवरण समेत नभरेको तथा MIS मा प्रविष्टि नगरी भत्ता वितरण गरेकोले खर्चको यथार्थता परिक्षण गर्न सकिएन । कार्यविधिमा तोकिए बमोजिमको MIS मा प्रविष्टि गरी दोहोरो वितरण भएको र प्राप्त गर्नु पर्ने वाहेक अन्यले प्राप्त गरेको सम्वन्धमा कार्यालयले वास्तविकता एकिन गरी असुल फछ्र्यौट गर्नु पर्दछ ।	
६०.३.	**पेश्की:** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १६ मा स्थानीय तहले सम्बन्धित वडा कार्यालय मार्फत प्रथम चौमासिक असोजको १ गतेबाट दोश्रो हप्ता भित्र,दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ताभित्र र तेस्रो चौमासिक जेठको १ गतेबाट दोश्रो हप्ताभित्र वितरण गरिसक्नुपर्ने व्यवस्था छ । यस वर्ष वडा कार्यालयलाई प्रथम चौमासिक पेश्की माघ महिनामा दोस्रो चौमासिक असार पहिलो हप्तामा र तेश्रो चौमासिक पेश्की असार मसान्तमा प्रदान गरेको छ । वडाले प्रथम चौमासिकको पेश्की असार पहिलो हप्ता र दोस्रो चौमासिकको पेश्की असार मसान्तमा फछ्र्यौट गरेको छ । नगरपालिकाले कार्यविधिले तोकेको अवधि भित्र सामाजिक सुरक्षा भत्ता पेश्की उपलब्ध गराउने र वडा कार्यालयले लाभग्राहिहरुमा वितरण गरी तोकिएको अवधि भित्रै पेश्की फछ्र्यौट गर्नु पर्दछ ।	
६०.४.	**पारदर्शिता कायम नगरेको :-** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिशका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानिय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था गरेकोमा नगरँकार्यपालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालन गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।	
६०.५.	**लगत कट्टाको अभिलेख प्राप्त नभएको :-** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १२ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विद्यवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष (साठी महिना) उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैंक मार्फत विवरण भएकामा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ । मुल अभिलेख खातामा फेला नपरेको, मृत्यू भएको जनाएको लाभग्राहीहरुको समेत भरपाईमा नाम चढाएको देखिन्छ । मुल अभिलेख खाता र लगत कट्टाको स्पष्ट अभिलेख प्राप्ट नभएकाले दफा १२ बमोजिम लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको सम्बन्धित यकिन गर्न सकिएन ।	
६०.६.	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ९(२) मा नेपाल सरकार वा नेपाल सरकारबाट मान्यता प्राप्त राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था वा नेपाल सरकारसंग सम्वन्ध स्थापित भएका मित्रराष्ट्र वा तिनका निकायबाट मासिक रुपमा तलब भत्ता पेन्सन वा यस्तै प्रकारका अन्य कुनै मासिक सुविधा पाइरहेका व्यक्तिहरुले सामाजिक सुरक्षा भत्ता पाउने छैनन् भन्ने व्यवस्था छ । यस नगरपालिकाको निकासाका आधारमा पहिलो वडा रहेको वडा ३ को सामाजिक सुरक्षा भत्ता वितरणको भरपाई परिक्षण गर्दा निम्नानुसारका पेन्सन उपभोग गरेको उल्लेख भएका लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण गरेकोले असुल गर्नुपर्ने देखिएको रु	३२०००.००

सि.न	लाभग्राही समुह र नाम	रकम	कैफियत
१.	एकल महिला शिवसती देवी विराजी	४०००.००	पेन्सन उपभोग गरेको उल्लेख
२.	एकल महिला सुनिता झा	४०००.००	पेन्सन उपभोग गरेको उल्लेख
३.	एकल महिला दुखिया देवी मुखिया	४०००.००	दोहोरो नाम

४.	एकल महिला श्यामा देवी	४०००.००	पेन्सन उपभोग गरेको उल्लेख
५.	जेष्ठ नागरिक काशीनाथ विराजी	८०००.००	वडा सदस्य
६.	जेष्ठ नागरिक कौति देवी तत्मा	८०००.००	दलित जेष्ठ नागरिक भनि रु ४०००।०० बुझेकोले दोहोरो
	जम्मा	३२०००	

अन्य वडाको सम्वन्धमा कार्यालयले एकिन गरि असुल फछ्र्यौट गर्नु पर्दछ ।

६१. **रसिद नियन्त्रण खाता :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले तयार पारेको रसिद नियन्त्रण खाता परीक्षण गर्दा निम्नानुसार देखियो ।

६१.१. कार्यालयले खर्च भएको ठेली रसिदहरु सिलसिलेवार नम्बर अनुसार खर्च नजनाएको ढेलीबाट प्राप्त आम्दानी रसिद नम्बर वाइज नचढाएको अवस्थाले सम्पुर्ण ठेलीको आम्दानी कार्यालयमा दाखिला भएको छ भनी एकिन गर्न सकिएन ।

६१.२. खर्च लेखेको ठेली मध्ये निम्नानुसारका कर्मचारीहरुको जिम्मामा रहेका रसिदको आम्दानी कार्यालयमा प्राप्त भएको छैन । रसिदको आम्दानी एकिन गरी दाखिला गर्नुपर्दछ ।

सि.न	कर्मचारीको नाम	वडा	ठेलि नम्बर	कैफियत
१.	वडा सचिव भुला यादव	३	१६५१-१७००	मालपोत
२.	वडा सचिव राम कुपाल	८	१२०१-१२५०	मालपोत
३.	वडा सचिव राम किशोर यादव	८	१३५१-१४००	मालपोत
४.	वडा सचिव भुला यादव	३	१४५१-१५००	मालपोत
५.	वडा सचिव राम किशोर यादव	७	१८०१-१८५० २३५१-२४००	मालपोत
६.	वडा सचिव भुला यादव	३	१८५१-१९०० २४५१-२५००	मालपोत
७.	वडा सचिव राम नरेश ठाकुर	१	१-५०	मालपोत
८.	वडा सचिव सर्वजित पासवान	३	२०१-२५०	मालपोत
९.	वडा सचिव सर्वजित पासवान	३	४५१-५००	नगदी
१०.	वडा सचवि राम कुपाल साह	८	८०१-८५०	नगदी
११.	वडा सचिव भुला यादव	२	११५१-१२००	मालपोत आम्दानी नआएको
१२.	चन्देश्वर ठाकुर		१२०१-१२५०	नगदी आम्दानी नआएको
१३.	वडा सचिव गंगा दास	५	१४५१-१५००	मालपोत
१४.	वडा सचिव योगेन्द्र पासपान	६	१४५१-१५०० १३०१-१३५०	नगदी
१५.	वडा सचिव राम कृपाल साह	८	१६०१-१६५०	मालपोत
१६.	वडा सचिव राम कृपाल साह	८	१३५०-१४००	नगदी आम्दानी नआएको
१७.	वडा सचिव सर्वजित पासमान	३	१७०१-१७५०	मालपोत
१८.	वडा सचिव हिरा बहादुर यादव	९	१७५१-१८००	मालपोत
१९.	वडा सचिव सत्य नारायण राय	४	१९०१-१९५०	मालपोत
२०.	वडा सचिव योगेन्द्र पासमान	६	१४५१-१५००	नगदी

६२. **आन्तरीक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष राजस्व आम्दानीतर्फ म.ले.प.फा.नं. १०८, १०८क र २३ नराखेको देखियो । ऐनको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. २३ का नयाँ संशोधित

फारम राखी राजस्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ । कार्यालयले यस वर्ष आन्तरीक आय तर्फ रु १५२०८१५।३१ आम्दानी जनाएकोमा सो को दैनिक आम्दानी रजिष्ट्रर मा नगदी र वैंक भौचर अनुसारको आम्दानी जनाई गोश्वरा भौश्वरा खडा गरी आम्दानी नगरी वैंक जम्मा भएको आधारमा आम्दानी जनाएको देखियो । कार्यालयबाट आर्थिक वर्ष भरी कति नगदी रसिद जारी गरियो र कति रसिदको आम्दानी प्राप्त भइ कति रसिदको आम्दानी गर्न बाँकी छ । सो देखिने विवरण लेखापरीक्षणको लागि पेश भएन । रसिद नम्वर र वैंक भौचरलाई दैनिक आम्दानी रजिष्टरमा पोष्टिङ्ग नगरी वैंकमा आम्दानी भएको र राजस्व असूल गर्ने व्यक्तिको जम्मा गर्न ल्याएको आधारमा आम्दानी वाँधेको रकमको सम्वन्धमा आम्दानी हुनु पर्ने रकम सवै आम्दानी भयो भनि एकिन गर्न सक्ने अवस्था रहेन ।

६३. **माछा पोखरी** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ मा स्रोत परिचालन तथा बजेट सीमा निर्धारण समिति हुने व्यवस्था भए बमोजिम उक्त समितिले नगरपालिकामा प्राप्त हुने आन्तरीक आय, राजश्व वाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सो को सन्तुलित विवरणको खाका तथा बजेट निर्धारण गर्नुपर्ने व्यवस्था भएबमोजिम नगरपालिका कार्यालयले आर्थिक वर्ष २०७५।७६ को आय व्यय विवरण नगरसभामा पेश गर्दा आन्तरिक आय वापत रु ८८४००००।०० प्राप्त गर्ने प्रक्षेपण गरेको अवस्था देखिन्छ । उक्त अनुमानित आयको विस्तृत विवरण संलग्न छैन । लेखापरीक्षणको क्रममा नगरपालिका भित्र आय ठेक्का लागेका र ठेक्का अवधि समाप्त भएका ठेक्काहरुको विवरण, सम्झौता, आम्दानी, बक्यौता लगायत विवरण माग भएकोमा ठेक्काहरुको सम्झौता तथा ठेक्का फाइल पेश नभई नगरपालिकाले नगरभित्र रहेका पोखरीहरुको वडा मुचुल्का गरी तयार गरेको विवरण पेश हुन आएको छ । उक्त विवरण अनुसार नगरपालिका भित्र ३२ माछा पोखरी रहेको आर्थिक वर्ष २०७०।७१ मा तत्कालिन गाउँ विकास समितिको कार्यालयबाट, विद्यालय र स्थानिय व्यक्तिहरुले पोखरीको ठेक्का वन्दोवस्त गरी माछा पोखरी ठेक्कामा दिएको लगायतको विवरण देखिन्छ । आय ठेक्का लागेका पोखरीहरुको ठेक्का फाइल नगरपालिकाले कार्यालयमा नभएको जनाएको छ । अतः ठेक्का लागेका पोखरीहरुको आय प्राप्त नभएकोले उक्त पोखरीहरुको सम्झौताको शर्त अनुसारको आम्दानी छानविन गरी यथाशिघ्र प्राप्त गर्नु पर्दछ । मुचुल्का अनुसार आय ठेक्का लागेका निम्नानुसारका पोखरीबाट यस वर्ष रु ३२८४०००।०० प्राप्त हुनुपर्नेमा सो प्राप्त भएको छैन । अतः नगरपालिकाले विगतका आय ठेक्का यकिन तथा छानविन गरी ठेक्का बन्दोवस्त अनुसार प्राप्त गर्नुपर्ने आयमा जरिवाना समेत असुल गरी आय प्राप्त गर्नुपर्दछ ।

पोखरीको नाम	स्थान	क्षेत्रफल	ठेकेदारको नाम	वार्षिक ठेक अंक	कैफियत
गुलवा पोखरी	ठाढीझिझा १	१-५-१९-०	शम्भु घटवार	४२६०००.००	वडा मुचुल्काबाट देखिएको
सिमराही पोखरी	ठाढीझिझा १	२-०-८-०	रफिक कवाडी	३७८०००.००	वडा मुचुल्काबाट देखिएको
गुनही पोखरी	ठाढीझिझा १	२-१९-१४-०	शम्भु घटवार	२५५०००.००	वडा मुचुल्काबाट देखिएको
भन्सारवाला पोखरी	ठाढीझिझा १	०-१९-१३-०	विजय घटवार	२०००००.००	वडा मुचुल्काबाट देखिएको
टावरवाला पोखरी	ठाढीझिझा १	०-४-१०-०	किशोरी पासवान	३६०००.००	वडा मुचुल्काबाट देखिएको
वडकी पोखरी	ठाढीझिझा ४	४-१०-१२-०	रुपेश कुमार गोइत	३७५०००.००	वडा मुचुल्काबाट देखिएको
औरली पोखरी	ठाढीझिझा ४	२-६-१७-०	स्थलगत अवलोकन	०.००	वडा मुचुल्काबाट देखिएको
मैझली पोखरी	ठाढीझिझा ४	२-१०-१७-०	नखुलेको	२११०००.००	वडा मुचुल्काबाट देखिएको
स्कुल वाला पोखरी	ठाढीझिझा ४	२-८-१७-०	किशुन देव पासवान	५११०००.००	वडा मुचुल्काबाट देखिएको
नाम नखुलेको	ठाढीझिझा ४	०-१६-११-०	इन्ताफ लोहरी	३०००००.००	वडा मुचुल्काबाट देखिएको
लवकी पोखरी	एकराही ५	२-०-५-०	सुरज देव गोइत	१०५०००.००	वडा मुचुल्काबाट देखिएको
कुटीवाला पोखरी	गिद्धा ७	२-२-१२-०	राम रतन मुखिया	२०५०००.००	वडा मुचुल्काबाट देखिएको
नुखलेको	वफै ८	०-४-१०-०	नागरिक सामाज	२२०००.००	वडा मुचुल्काबाट देखिएको
नुखलेको	वफै ८	०-८-०-०	राम किशोर मण्डल	६००००.००	वडा मुचुल्काबाट देखिएको
नुखलेको	वफै ८	०-१२-६-०	नागरिक समाज	१८५०००.००	वडा मुचुल्काबाट देखिएको
जागिर टोल वाला पोखरी	ईटहर्वा	०-८-५-०	शत्रुधन यादव, सुरेन्द्र यादव	१५०००.००	वडा मुचुल्काबाट देखिएको
			जम्मा	३२८४०००.००	

६३.१. **मझली पोखरी स्थलगत अवलोकन** : लेखापरीक्षणको क्रममा कित्ता नम्बर १९३, २-६-१७-० क्षेत्रफलमा फैलिएको मझली पोखरी वडा नम्बर ४ मा पदाधिकारी र कर्मचारीहरुको टोली सहित मिति २०७६।११।३० गते स्थलगत अवलोकन गरियो । पोखरीमा मत्स्य पालन व्यवसाय गरेको र व्यवसायी श्री किशुन देव पासवानले सोही दिन पोखरीबाट माछा निकाल्दै गरेको अवस्था देखियो । ठेकेदार सहितको टोलीसंग छलफल गर्दा उक्त पोखरी मिति २०७१।४।२२ गते देखि तत्कालिन गा.वि.स कार्यालयबाट ठेक्कामा लगाई वार्षिक रु २३३०००।०० रकम बुझाउदै आएको जानकारी प्राप्त भयो । नगरपालिका कार्यालयमा पोखरीको आम्दानी प्राप्त नभएको र सो सम्वन्धमा रकम बुझाउन पत्र लेखि आएको तर आफुले तत्कालिन गाउँ विकास समिति रहँदा गाउँ विकास समितिको कार्यालयमा बैंक मार्फत र नगरपालिका कायम भएपछि २ वर्ष देखि नगरपालिकाका

जिम्मेवार पदाधिकारीलाई नगद रकम बुझाएको भरपाई रहेको भनाई रहेको थियो । यस सम्वन्धमा कार्यालयले छानविन गरी नगर कार्यपालिकाको कार्यालयले प्राप्त गर्नुपर्ने २ वर्षको आय रु ४६६०००।०० मा जरिवाना सहित असुल गर्नुपर्ने रु ४६६०००.००

व्यवसायीले माछा निकाल्दै गरेको अवस्था

ठेकेदार प्रतिनिधि र जनप्रतिनिधिसंग छलफल गर्दै

६३.२. **आय उपकरण परिचालन** – पालिकामा देहायको निर्माण उपकरण रहेको र उपकरणको चालक र इन्धन समेत खर्च लेखेको अवस्थामा ति निर्माण उपकरण उपयोग आय र परिचालनको लगसिट लगानी र आय विष्लेषण गरी सार्वजनिक हितमा प्रयोग गरेको अवस्था देखिएन । उपकरणहरु नगरपालिकाका प्रमुख , उपप्रमुख तथा वडाध्यक्षहरुको मौखिक निर्देशनमा परिचालन हुने जनाएको छ । नगरपालिकाको उपकरणहरु मार्फत प्रदान गरीने सेवाको आय र व्यय देखिने गरी व्यवस्थित अभिलेख राख्नु पर्दछ ।

सि.नं	सामानको विवरण	इन्धन लागत	जनशक्ति लागत	मर्मत लागत	आय	खर्च	वचत
१	टयाक्टर – २ वटा	नखुल्ने	नखुल्ने	नखुल्ने	नखुल्ने	नखुल्ने	नखुल्ने
२	जे.सी.वि. मेशिन १ थान	नखूल्ने	नखुल्ने	नखुल्ने	नखुल्ने	नखुल्ने	नखुल्ने
३	सेक्सन मेशिन १ थान	नखूल्ने	नखुल्ने	नखुल्ने	नखुल्ने	नखुल्ने	नखुल्ने

६४. **आन्तरिक लेखापरीक्षण** : स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानुनबमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र औल्याइएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ । यस नगरपालिकामा आन्तरिक लेखापरीक्षण शाखा स्थापना भएको तथा आन्तिरिक लेखापरीक्षकको दरवन्दी पद पूर्ति भएको अवस्थामा समेत आन्तरीक लेखापरीक्षण गराएको छैन । आन्तरीक लेखापरीक्षण नहुँदा वित्तिय प्रतिवेदनहरु समयमै सही र भरपर्दो रुपमा उपलव्ध गराई वित्तिय अनुशासन कायम नहुन सक्ने अवस्था सिर्जना भएको छ । तोकिएको समयमा आन्तरिक लेखापरीक्षण गराउने, प्रतिवेदन तयार गर्न लगाउने र प्रतिवेदन कार्यान्वयन गर्ने तर्फ ध्यान दिएको देखिदैन ।

६५. **पेश्की बाँकी** : आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ८० बमोजिम निम्नानुसार लाई दिएको पेस्की फछ्र्योट हुनु पर्ने रु १८६७३०००.००

सि.न	शिर्षक	नाम	प्रयोजन	पेश्की रकम
१.	संघिय शसर्त अनुदान	प्र.अ उमेश पाण्डे	परिक्षा सञ्चालन	२६०००.००
		मा.वि शिक्षक प्रमोद कुमार मण्डल	परिक्षा सञ्चालन	४४६००.००
		प्र.अ पवन कुमार मण्डल	परिक्षा सञ्चालन	३३२००.००
		अ. छैठौं चन्देश्वर ठाकुर	कृषि कार्यक्रम	१३२८०००.००
२.	सामाजिक सुरक्षा	वडा सचिव भुला यादव	वडा १ सामाजिक सुरक्षा भत्ता	२३८९४००.००
		वडा सचिव भुला यादव	वडा २ सामाजिक सुरक्षा भत्ता	१६१६८००.००
		वडा सचिव सर्वजित पासवान	सामाजिक सुरक्षा भत्ता	२६५६६००.००
		वडा सचिव सत्य नारायण राय	सामाजिक सुरक्षा भत्ता	१६३६८००.००
		वडा सचिव गंगा दास	सामाजिक सुरक्षा भत्ता	२०२४०००.००
		वडा सचिव योगेन्द्र पासवान	सामाजिक सुरक्षा भत्ता	२०६२४००.००

		वडा सचिव राम किशोर यादव	सामाजिक सुरक्षा भत्ता	१४८९६००.००
		वडा सचिव राम कृपाल साह	सामाजिक सुरक्षा भत्ता	११०७२००.००
		वडा सचिव हिरा वहादुर यादव	सामाजिक सुरक्षा भत्ता	२२५८४००.००
		जम्मा		**१८६७३०००.००**

६६ **सम्परीक्षण :** आर्थिक वर्ष २०७४।७५ को अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश भएको निम्नानुसारको वेरुजु दफाहरु फछ्र्यौट गरी सम्परीक्षणको लागि पेश भएकोमा उल्लेखित दफाहरु सम्परीक्षण गरिएको छ ।

सि.न	दफा	वेरुजुको व्यहोरा	रकम	सम्परीक्षणको ठहर	रकम
१.	६५	निम्नानुसारका उपभोक्ता समितिको नामामा बाँकी रहको पेश्की रु	२१०००००.००	कार्यालयले निम्नानुसारको गोश्वारा भौचरमा रनिंग विलबाट पेश्की कट्टा गरी पेश्की फछ्र्यौट गरेको सक्कलै विल भरपाई पेश रु	२१०००००.००
		जम्मा	२१०००००.००		२१०००००.००

गो.भा.न	उ.स	रकम
२९	डिहिवार थान घेरावेरा उ.स	३०००००.००
१३	सडक ढलान उ.स	२०००००.००
१७	माटो ग्राभेल उ.स	५०००००.००
२१	माटो ग्राभेल उ.स	२५००००.००
३९	दोहा नदी पुल तथा फाटक निर्माण उ.स	५००००.००
४६	सहायक सडकमा माटो ग्राभेल उ.स	८०००००.००

६७ **बेरुजू** नगरपालीकाको प्रारम्भिक प्रतिबेदन अनुसार यो बर्ष असूल गर्नु पर्ने बेरुजू रु. १८ लाख १२ हजार, अनियमित भएको रु. ४ करोड ६१ लाख ८५ हजार, प्रमाण पेश नभएको रु. १ करोड ३० लाख ६२ हजार पेश्की रु. १ करोड ८६ लाख ७३ हजार समेत रु. ७ करोड ९७ लाख ३२ हजार बेरुजु कायम भएकोमा प्रतिकृया प्राप्त नभएकोले सोही बेरुजु कायम भएको छ ।

६८ **अनुगमन तथा मुल्यांकनः** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(२)घ ले बेरुजु फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकिय अधिकृतको हुने व्यवस्था छ । सो बमोजिम नगरपालिकाले गत बर्षको बेरुजु रु. ८ करोड ३६ लाख ८२ हजार फछ्र्यौट गरेको देखिएन । बेरुजुको स्थिति निम्नानुसार देखिएको छ ।

गत वर्षको बेरुजू रकम (रु.हजारमा)	यो वर्ष फछ्र्यौट (रु.हजारमा)	बाँकी बेरुजू (रु.हजारमा)
८५७८२	२१००	८३६८२

अद्यावधिक बेरुजू स्थिति : नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :

गत वर्ष सम्मको फछ्र्यौट गर्न बाँकी (रु.हजारमा).	यो वर्षको सं प.बाट कायम बेरुजू (रु.हजारमा)	यो वर्षको कायम बेरुजू (रु.हजारमा)	बाँकी बेरुजू (रु.हजारमा)
८३६८२	०	७९७३१	१६३४१३

अनुसूची - १

बेरुजू वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
आर्थिक वर्ष २०७५।७६

(रु हजारमा)

सि.नं	स्थानीय तहको नाम	जिल्ला	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिमेवार नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	विदेह नगरपालिका	धनुषा	५८	३०	७९७३२	०	०	०	५८	३०	७९७३२	१८१२	४६१८५	१३०६२	०	०	५९२४७	१८६७३	०	१८६७३

असुसूची - २

स्थानीय तह संचित कोष विवरण
आर्थिक वर्ष २०७५।७६

(रु हजारमा)

सि.नं.	स्थानीय तह	जिल्ला	आय					व्यय				
			गतवर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय	जम्मा आय	चालु खर्च	पूँजिगत खर्च	अन्य खर्च	जम्मा खर्च	मौज्दात बाँकी
			१	२	३	४	५=(२+३+४)	६	७	८	९=(६+७+८)	१०=(१+५-९)
१	विदेह नगरपालिका	धनुषा	१०२२५४	१०७६१०	२०३९३६	६७६०४	३७९१५०	९८०१४	१४७८३३	१११२२९	३५७०७६	१२४३२८

अनुसूची- ३

अद्यावधिक बेरुजू स्थिति

आर्थिक वर्ष २०७५।७६

(रु हजारमा)

सि.नं.	स्थानीय तह	जिल्ला	गत वर्षको बाँकी	यो वर्षको फछ्र्यौट	बाँकी	यो वर्ष सं.प.बाट कायम भएको बैरुजू	यो वर्षको बेरुजू	कुल बाँकी बेरुजू
१	विदेह नगरपालिका	धनुषा	८५७८२	२१००	८३६८२	०	७९७३२	१६३४१४